स्वधर्म – परधर्म

ना. गोविन्ददेव भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म-परधर्म

डा. मोहनदेव भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक : डा. मोहनदेव भट्टराई

प्रकाशक : राजुदेव भट्टराई

सर्वाधिकार लेखकमा

प्रकाशन मिति : २०६९ साल बैशाख

१००१ थान

मूल्य : १५०।-

ISBN : 978-9937-2-4757-3

मुद्रक : विनायक प्रेस
धोवीधारा, कमलपोखरी।
इमेल : vinayakpress@hotmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशीर्वचन

-जगद्गुरु श्रीबालसन्त मोहनशरणदेवाचार्य

(नेपाल राष्ट्रका ऐतिहासिक प्रथम जगद्गुरु अनन्तश्रीविभूषित श्रीबालसन्त मोहनशरणदेवाचार्य महाराज श्रीबाट प्राप्त आशीर्वचन)

नेपाली धर्तिका परममङ्गलमय काखमा अनन्तानन्त सत्पात्र कवि महाकवि साहित्यकार लेखक समालोचक ज्ञानी ध्यानी तपोमूर्ति महामुनि राष्ट्रप्रेमी देशभक्त स्वाभिमानी व्यक्तित्वहरूको उदय समयानुकूल अवस्थाहरुमा हुँदै आएको इतिहास हाम्रा अगाडि छर्लङ्ग छ । आएर गएका प्रतिभाहरू र वर्तमानमा हाम्राअगाडि उभिएका प्रतिभाहरूद्वारा

"मातृभूमि हृदयकी आराध्य हुन हाम्री
विशाल यो विश्व भित्र सबैभन्दा राम्री ॥"

यी कविहरूका उद्गारबाट अलङ्कृत मातृभूमि नेपाल र नेपालीहरूलाई केही न केही ठूला साना श्रद्धा सुमन चढाएर नेपाली धर्ति र नेपाली सन्ततिहरूलाई बिर्सिनसक्नु गुन लगाएर ध्रुवझै उज्यालो प्रकाश बनिसकेको कुरा मैले यहाँ भनिरहनु पर्दैन । सत्य सङ्कल्प दृढ विचार र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तविक सिद्धान्तका पथिकहरु यिनै कुराहरूमा अडिएर आफ्नो निश्चयात्मिक मेधाबाट सफल अनुभूति गरिरहेका हुन्छन्। यिनै माथि सङ्केत गरिएका भावनाहरूले अभिप्रेरित ८० वसन्त पार गर्न लाग्नुभएका वयोवृद्ध विद्वान् लेखक श्रद्धेय डा. मोहनदेव भट्टराईज्यूबाट अनुभवजन्य र शास्त्रीय सङ्केत दुवै कुराको मन्थनद्वारा उपार्जित मधुतुल्य "स्वधर्म-परधर्म" नामको कृति सरसर्ती हेर्ने मौका पाएँ। पढदैजाँदा लेखमा लेखकका गहिरा र गहकिला तर्क, चिन्तन, भावना र वास्तविकता एवं केही शास्त्रीय दर्शनका छिटाहरूले समेत शोभा पाएको अनुभव भएको छ। लेखकज्यू अत्यन्त चिन्तनशील उत्साही लेखक हुनुभएको कुरा उहाँको लेखद्वारा स्पष्ट हुन्छ। उहाँको उत्साह यो वृद्ध अवस्थामा पनि शिथिल हुन नपावस्, कलमहरूले आफ्ना गोरेटा खनिरहून, लेखकका अन्तर हृदयमा यस्ता शुभसन्देशको धारा नटुटोस् भन्ने शुभेच्छाका साथ यी दुईचार शब्दरूपी प्रशंसा उहाँमाथि अर्पण गर्दछु। लेख अत्यन्तै जीवनपयोगी भएकाले पाठकहरुले अवश्य यो सुकृतिलाई अध्ययन गरेर श्रद्धेय लेखकज्यूको परिश्रम सार्थक पारिदिनु हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु। अन्त्यमा नववर्षारम्भको यो शुभबेलामा लेखक श्रद्धेय भट्टराईज्यूको सुस्वास्थ्य दीर्घायुका साथै सफल जीवनको शुभेच्छा प्रकट गर्दै परमराध्य भगवान् श्री सर्वेश्वर प्रभुको अनन्त कृपा उहाँमाथि बर्सिरहोस् भन्ने शुभ प्रार्थनाका साथ विश्राम.....

बालसन्तमोहन शरणदेवाचार्य

अनन्तश्रीविभूषित

जगद्गुरु श्रीबालसन्त मोहनशरणदेवाचार्य

२०६९ बैशाख

शङ्खमूल-९, ललितपुर।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कमल रिजाल

भूमिका

स्वधर्मको परिभाषा

प्राचीनकालदेखि नै विद्वान्हरूमाझ धर्म हमेशा व्याख्या, विश्लेषण र बहसको विषय बन्दै आएको छ । संसारभरिकै धर्मशास्त्रहरूमा पनि यस्तै व्याख्या र विश्लेषण पाइन्छ । एउटै धर्मलाई पनि कसैले केही भनेका छन् कसैले केही भनेका छन् । (एकं सद्विप्रा बहुधा वदन्ति) उपनिषद् दर्शनले सत्य बोल्नु र स्वकर्तव्यबाट च्युत नहुनुलाई धर्म भनेको छ । (सत्यं वद, धर्मं चर, स्वाध्ययान् मा प्रमद) अर्थात् सत्य बोल्नु, प्रिय बोल्नु, स्वकर्तव्यबाट च्युत नहुनु र अरुको जस्तो बोली, वचन र व्यवहार आफूलाई मन पर्दैन त्यस्तो बोली, वचन र व्यवहार अरूमाथि नगर्नु नै धर्म हो भन्ने उपनिषद् दर्शनको आशय पाइन्छ । त्यस्तै वैशेषिक दर्शन (षडदर्शनमध्येको एक) का प्रणेता महर्षि कणादले जुन कामले समुन्नति र समग्र कल्याण गर्दछ त्यही नै धर्म हो भनेका छन् (यतोऽभ्युदय निःश्रेयशः सिद्धि स धर्म) भने महाभारतमा व्यासजीले मानिसले मानिस भएर बाँच्नका लागि धारण गर्न लायक जे जति कर्म छन् ती सबै धर्म हुन् भन्ने आशय व्यक्त गरेका छन् । (धारणाद्धर्ममित्याहु धर्मोधारयति प्रजा) वर्ण (ब्राह्मण, क्षत्री, वैश्य, शूद्र) र आश्रम (ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानस्प्रस्थाश्रम, सन्यासाश्रम) व्यवस्थालाई त यसै पनि हामीले धर्म नै भन्दै आएका छौं । संस्कार, संस्कृति, सम्प्रदाय र महापुरुषहरूको विचार तथा सिद्धान्तलाई पनि धर्मकै संज्ञा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिने गरिएको पाइन्छ। हुँदाहुदा अव त राष्ट्र तथा राष्ट्रियतालाई पनि धर्मनिरपेक्ष र सापेक्षको आँखाले हेर्न थालिएको छ।

निसन्देह धर्मको क्षेत्र विशाल छ। यसलाई कुनै एउटा क्षेत्रमा सीमित राखेर हेर्न खोज्नु भनेको बालबुद्धि बाहेक केही होइन। भागवत्मा व्यासजीले पनि यस्तै आशय व्यक्त गरेका छन्। यसै पनि धर्म आफैमा साध्य हो, साधन होइन। यो कहिल्यै पनि साधन हुनै सक्दैन तर हामी भने साधनलाई नै साध्य ठानिरहेका छौं। जसले गर्दा आज धर्म जस्तो शाश्वत विषय पनि दृष्टिहीनहरूले हात्ती छामे जस्तो हुन पुगिरहेको छ। त्यसमा पनि स्वधर्म र परधर्मको कुरा गर्ने हो भने अवस्था झनै दया लाग्दो देखा पर्दछ।

गीतामा श्रीकृष्णले स्वधर्म र परधर्मको चर्चा गरेका छन्। (स्वधर्मे निधनं श्रेयो परधर्मो भयावह) तर त्यो भनेको के हो ? के धर्म जस्तो शाश्वत विषय पनि आफ्नो र अर्काको भन्ने हुन्छ ? तर पनि विडम्बना त के भने व्यवहारमा त्यस्तै देखिएको छ र कतिपय सभ्य र शिक्षित भनिनेहरू समेत आ-आफ्नो सम्प्रदायको संख्या बढाउन धर्मपरिवर्तनको भयानक प्रपञ्च रच्दैछन्। यस्तो प्रवृत्तिले सम्प्रदायलाई नै धर्म ठान्नेहरूका लागि त क्षणिक नै भए पनि केही लाभ होला समाजलाई भने कुहिराको काग बाहेक केही बनाइरहेका छैनन्। उनीहरूले न अरुको भलाइ गरेका छन्, न दीर्घकालीन रूपमा आफ्नै भलाइ गर्न सकेका छन्। यस्तो अवस्थामा लामो समयदेखि आध्यात्मिक क्षेत्रमा कलम चलाउँदै आएका मोहनदेव भट्टराईले के हो स्वधर्म-परधर्म भन्ने पुस्तकमा यसबारे सम्यक विश्लेषण गरी समाजको आँखा खोल्ने प्रयाश गरेका छन्।

स्वधर्मलाई बुझ्नका लागि सर्वप्रथम 'स्व' भनेको के हो त्यसैलाई बुझ्नुपर्छ। सामान्यतया "स्व" भन्नाले आफू भन्ने बुझिन्छ। सामान्य रूपमा सबैले बुझ्दै आएको 'स्व' को अर्थ त्यही हो तर, त्यो "आफू" भनेको को हो ? शरीर मात्र हो कि अरु केही पनि हो। यसलाई बुझ्नेपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

मात्र स्वधर्म र परधर्मको अर्थ खोज्न सकिन्छ। सामान्यतः हामी आफू भन्नाले नाक, कान,आँखा, मुख, हात, गोडा आदिले युक्त भएको एउटा सिङ्गो शरीर बुझ्ने गर्दछौं तर त्यो आफू होइन। त्यो त आफ्नो हो। गडबढी यहीं छ। यी त आफूलाई स्थूलरूपमा चिनाउने अवयव मात्र हुन्। आफू होइनन्। जो आफू हुँदै होइन त्यसैलाई आफू ठान्न थालेपछि गडबडी हुने नै भयो। आफू भनेको त त्यो हो जसले ती सबै निर्जीव वा जड पदार्थ (पञ्चमहाभूत- पृथ्वी, जल, तेज, वायु, आकाश) बाट बनेका निर्जीव अवयव (ध्यान रहोस् निर्जीवबाट बनेका निर्जिव नै हुन्छन्) लाई पनि सजीव जस्तो बनाएर सञ्चालन गर्ने तत्व हो जसलाई शास्त्रहरूले सजिलोसित बुझाउनका लागि आत्मा, परमात्मा, ईश्वर आदि अनेक नाम दिएका छन्।

यही अनादि परम ज्योतिर्मय चेतन सत्ता व्यष्टिमा आउँदा आत्मा कहलिन्छ भने समष्टि अवस्थामा परमात्माको नामले पुकारिन्छ। गीतामा श्रीकृष्णले यसलाई अंश र अंशीको रूपमा व्याख्या गरेका छन्। (ममैवांशो जीवलोके जीवभूत सनातनः) सबै प्राणीमा प्राणी हुनुमा र उसको जीवनगति सञ्चालन गर्नुमा यही एउटै आत्मा वा परमात्मा तत्वको विशेष भूमिका रहने गर्दछ। त्यसैले अर्थात उसकै उपस्थितिले संसारका सबै प्राणीले आफू हुनुको बोध गर्न सक्ने भएकाले सबै प्राणी एउटै सत्ताका विविधरूप बाहेक केही होइन। अर्थात् सबै एउटै परमात्माका सन्तान हुन्। यहाँनेर सबै एउटै परमात्माका सन्तान हुन् भने संसारमा यति बढी विविधता किन ? एउटै पुर्खाको सन्तान एकैकिसिमका हुनुपर्ने होइनन् र ? भन्ने प्रश्न पनि आउन सक्छ तर यसो भनिरहदा के बिर्सन हुँदैन भने हरेक प्राणीलाई उसकै प्रारब्धले डोऱ्याइरहेको हुन्छ। परमात्माले जीवात्मालाई खेल्नका लागि स्थूल, सूक्ष्म र कारण तीन किसिमको शरीर दिएका हुन्छन्। यसमध्ये उनै साक्षीभूत भएर रहेका (कर्मभोगको अर्थमा) परमात्माको सहयोग पाएको स्थूल शरीरले सूक्ष्म शरीर (दशइन्द्रिय र अन्तःकरण चतुष्टय-मन, बुद्धि, चित्त, अहङ्कार)लाई सञ्चालन गर्दछ भने सूक्ष्म शरीरले कारण शरीर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्माण गर्दछ जसलाई प्रारब्ध पनि भनिन्छ । जसको यही प्रारब्ध वा कारण शरीर जस्तो छ उसको भावी जीवन र गति त्यस्तै बन्दछ । संसारमा देखिएको विविधताको मूल कारण यही हो ।

अहिलेसम्म हामीले 'स्व' अर्थात् आफूलाई बुझ्यौं । अर्थात आफूलाई ईश्वरकै अंश हो भन्ने कुरो थाहा पाइसक्यौं । अब आयो स्वधर्मको कुरो । यो भनेको पनि आफ्नै अंशी ईश्वर वा परमात्मा र उनकै विराट स्वरूप संसारप्रति आत्मनिभाव राख्नुपर्छ भन्ने नै हो । अर्थात संसारलाई आफ्नै स्वरूप वा आफै समान ठानेर सोही अनुसारको आचरण गर्नु नै स्वधर्म हो । यसलाई अर्को अर्थमा भन्ने हो भने हामी अध्यात्मभावमा रहेर गरिने कर्मको रूपमा पनि लिन सक्छौं । अध्यात्मभाव भनेको पनि आत्मनिभाव नै हो । यहाँनेर लेखकले ईश्वर वा आत्माभावप्रति स्थिर भएर गरिने कर्म नै स्वधर्म हो भन्ने जुन तर्क अघि सारेका छन् यसभित्र यिनै कुराहरूलाई नै व्यापकरूपले समेट्ने प्रयास गरेका छन् । उनका दृष्टिमा आत्मा वा ईश्वरलाई साक्षी राखेर अर्थात् आत्मा वा ईश्वरलाई नविर्सेर सर्वहित र सर्वकल्याणको मार्ग अनुशरण गर्नु नै स्वधर्म हो । यसका लागि उनी कतै वेदान्त दर्शनमा गोता लगाउन पुगेका छन् कतै सांख्यदर्शनको सहयोग लिन पुगेका देखिन्छन् । कतै मिमांसा दर्शनको सेरोफेरोमा घुमेका छन् कतै वैशेषिक दर्शनको छेउ समाउन पुगेका छन् तर जताबाट घुमे पनि अन्ततः आत्माभावमा रहेर गरिने काम नै स्वधर्म हो भन्ने निचोड निकाल्न भने चुकेका छैनन् । यसलाई उनको अध्यात्मप्रतिको निष्ठा र गुरुत्तर स्वअध्ययनको प्रतिफलको रूपमा लिनु मनासिव हुनेछ । उनले स्व अध्ययनले दर्शनशास्त्रको विशेष गरी मिमांशा दर्शन र वेदान्त दर्शनको (पूर्वमिमांशा र उत्तर मिमांशा दर्शन) शिखर चुमेकाले नै स्वधर्मको निचोड निकाल्न सफल भएका देखिन्छन् ।

अब आयो परधर्मको कुरो । यो त झन् बढी रहस्यमय छ । स्वधर्मको निचोड निकाल्न जति सजिलो थियो परधर्मको निष्कर्षमा पुग्न त्यो भन्दा पनि बढी कठिन पर्दछ । स्वधर्मको लागि आफूलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिनेर सो अनुसारको व्यवहार गर्नुपर्छ भनिएको थियो तर परधर्मको निष्कर्ष निकाल्न त अझ बढी गहिराई नाप्नु पर्ने भएको छ । संसारमा अनादिकालदेखि नै जड (अचेतन) र चेतन दुई तत्वको अस्तित्व सँगसँगै रहँदै आएको छ । हुन त कसैले चेतन तत्वलाई अघिल्लो र अचेतन (जड) तत्वलाई पछिल्लो मानेका छन् । उनीहरूको मतमा सोही चेतनतत्वले नै जडलाई बनाएको हो । त्यस्तै कसैले जडलाई अगाडि मानेका छन् । उनीहरूका मतमा जडले नै चेतनको उत्पत्ति गराएको हो तर ती दुवै वाद एकपक्षीय मात्र हुन् सर्वपक्षीय होइनन् । यो त बीज पहिले कि बोट पहिले भन्ने जस्तै हो । न बीज पहिलो हो न बोट पहिलो । बीज पहिलो भए उसलाई कसले बनायो । बोट पहिलो भए ऊ कहाँबाट आयो । बीजले बोट बनाएको छ बोटले बीज बनाएको छ । यी दुवै न कुनै अगाडि छन् न कुनै पछाडि । दुवै सँगसँगै छन् र दुवैले एक अर्कोलाई सघाएका छन् । त्यसैले यी दुवै एकअर्काको परिपूरक हुन् ।

चेतन तत्वको त कुरो माथि आइसकेको छ । उसको धर्म पनि प्रष्ट भइसकेको छ तर जड तत्वको कुरो गर्दा ऊ आफै जड छ भने उसको धर्मको कुरो कसरी आयो । जडले त केही पनि गर्दैन भन्ने कुरो आउन सक्छ । यस्तोमा उसको धर्मको कुरो मात्र गर्नु पनि आफैमा अर्को रहस्यको भुमरीमा फस्नु हो । फेरि जडको धर्म नै हुन्न भन्न पनि भएको छैन । किन भने श्रीकृष्णले गीतामा स्वधर्म र परधर्मको प्रष्टै उल्लेख गरेका छन् । चेतन भनेको 'स्व' हो । उसको धर्म त स्वधर्म भइनै हाल्यो । 'पर' भनेको चेतनको दृष्टिमा जड हो भने परधर्म भनेको त्यही जडकै धर्म हो भन्नै पर्दछ । नत्र त प्रकृतिमा जड र चेतन बाहेक अर्को पनि कोही छ भन्नुपर्ने हुन्छ तर त्यो त सम्भव छैन । यस्तो अवस्थामा परधर्मलाई कसको धर्म भन्ने । त्यसैले यदि कृष्णलाई पनि सत्य मान्ने र उनको भनाइलाई पनि सत्य मान्ने हो भने जडको पनि धर्म हुँदोरहेछ भन्नपर्ने नै भयो । अब प्रश्न आउँछ के होला त जडको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म ? यहींनेर नै रहस्यको गाँठो अरु कसिएको छ र लेखकले यसलाई खोज्न निकै परिश्रम गरेका छन् ।

हामीले माथि चर्चा गरेका थियौं शरीर भनेको जड (अचेतन) हो जसको सञ्चालन चेतनले गरेको छ भन्ने कुरो । यहाँनेर लेखकले जड भन्नाले यही शरीरलाई नै लिएका छन् र उनले आफ्नो चेतनाको उचाइ पनि सँगसँगै प्रस्तुत गरेका छन् । शरीर अर्थात् देह जड भएपछि दैहिकभावले गरिने जति सबै कर्म जडकै धर्म हो । चेतनको आगाडि जड पर (अर्को) हो भने जडभावले गरिने धर्म (कर्म) पनि परधर्म हुनु अस्वाभाविक होइन । त्यसैले यही जड अर्थात् दैहिकभावले गरिने (कर्म) धर्मलाई नै परधर्म हो भन्ने लेखकको आशय निकै युक्ति सङ्गत देखिन्छ । जब मानिस 'स्व' अर्थात् आत्मालाई बिर्सेर शरीरलाई नै आफू ठान्न थाल्दछ तब नानाभातिका अनर्थ गर्न पुग्दछ । चाहे त्यो कर्म धर्मको उद्देश्यले गरिएको होस् चाहे अन्य जुनसुकै उद्देश्यले यदि उसले वास्तविक धर्मलाई सम्बोधन गर्न सकेको छैन भने त्यसको नतीजा हमेशा विनाशोन्मुख नै हुने गर्दछ । गीतामा श्रीकृष्णले परधर्मो भयावह भनेर यसैको कुरो सङ्केत गर्न खोजेका हुन् भन्ने लेखकको निष्कर्ष छ ।

हुन पनि आज संसारमा धर्मको नाममा जति अधर्म शायद अन्य कार्यमा भएका छैनन् । मानिसले बितेका पाँच हजार वर्षमा पन्ध्रहजार पटकभन्दा बढी त युद्ध नै गरिसकेका छन् । धर्मको नाममा युद्ध र मारकाट सुन्दै नसुहाउने कुरो हो तर पनि यथार्थलाई स्वीकार्नै पर्दछ, भएको छ त्यही । किनकि मानिसले अज्ञानताका कारण आफूलाई बिर्सेर शरीरलाई नै आफू ठानिरहेको छ र देहलाई पुष्ट पार्ने कार्यलाई (परधर्मलाई) नै स्वधर्म मानिरहेको छ । नत्र त आजका मानिस किन गर्नपर्ने काम जति नगर्ने र नगर्न पर्ने काम जति गर्ने अवस्थामा पुग्थे होलान् । जबकि भइरहको त त्यही छ ।

हामी सबैलाई वैकल्पिक भ्रमले गाँजेको छ । हामी डोरीलाई सर्प र ठूटोलाई बाघ देख्ने अवस्थामा पुगेका छौं । हामीले आफूलाई पनि

CC-0. Nepal Sanskrit University Kathmandu Collection.

विर्सेका छौं र आफ्नो धर्मलाई पनि विर्सदै गएका छौं। त्यतिसम्म मात्र भए त ठीकै थियो महाअनर्थ त कहाँ भएको छ भने बेहोसीकै कारण परधर्म (दैहिकधर्म) लाई पो स्वधर्म ठान्न पुगिरहेका छौं। जसको प्रतिफल हामी आफैले भोगिरहेका छौं। त्यसैले मानव समाजलाई स्वस्थ र समृद्ध बनाउने हो भने सबैले स्वधर्म र परधर्मलाई बुझेर सोही अनुसारको आचरण गर्नै पर्दछ। होइन अव पनि हुस्सु नै बनेर यही परधर्मलाई आफ्नो ठानिरहने हो भने हाम्रो अवस्था अझ बढी दयनीय हुँदै जानेमा शङ्कै छैन। लेखकले प्रस्तुत कृति मार्फत यही नै सन्देश दिन खोजेका छन्।

यहाँ पनि मानिसले 'स्व' अर्थात आफूलाई बिर्सेर देहलाई आफू ठान्न थालेपछि स्वार्थ हावी हुन्छ। अनि यही स्वार्थको बादलले आफूलाई ढाक्दै आउँछ र आफूलाई चिन्न झन्झन गाह्रो पर्दैजान्छ। यसैले समाजलाई दुषित गराएर अरुलाई दुःख दिने काम मात्र गर्दैन आफूलाई आफैंदेखि टाढा पुऱ्याउने काम पनि गरिरहेको हुन्छ र पुनः चौरासीको बाटो समाउन पुग्दछ। निरन्तर जन्म र मृत्युको चक्रमा घुम्नुपर्दाको मूल कारण यही हो।

हामी सबैको मूलध्येय परमानन्दप्राप्ति नै हो, त्यो परमानन्द भनेको आफूभित्र विध्यमान स्व अर्थात आत्मतत्व वाहेक केही होइन। जब मानिसले आत्मतत्व वोध गर्दछ तव ऊ भित्रभित्रै यति गद्गद् भइरहेको हुन्छ कि त्यसको वर्णन कुनै शव्दबाट गर्न सकिदैन। हामी सबैले खोजेको त्यही आनन्द हो। तर देहलाई आफू ठान्ने प्रवृत्ति हावी हुदै आएकोले जस्तो प्रयास गर्दा पनि त्यसलाई पाउन सकिएको छैन। त्यसैले देह भावमा निमग्न मनलाई फर्काएर सबैले परमात्मभावतर्फ उन्मुख गराउने प्रयास गर्नपर्छ भन्ने नै पुस्तकको मर्म हो। किनभने एक पटक त्यसलाई भेटेपछि मनले चाहेर पनि छोडन सक्दैन। यो त दूधबाट घिउ बनेको अवस्थाजस्तो हो। घिउमा परिणत भइसकेको दूधले चाहेर पनि कहाँ पुनः दूधको अवस्थामा फर्कन सक्छ र ? जब हामीले स्व अर्थात आत्म वोध गर्दछौं सदा आनन्दको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्थामा रहन्छौ । हाम्रो जन्म र मृत्युको भय स्वतः समाप्त हुनपुग्दछ । हामी सबैले खोजेको त्यही अवस्था हो ।

लेखक मोहनदेव भट्टराईले हामी सबैलाई यही बाटो देखाउनेप्रयाश गरेका छन् । उनको बौद्धिक क्षमता गहन छ । लेखन शैली सरल छ । मानिसलाई परमात्मभावमा पुऱ्याउनेजस्तो गहन विषयलाई पनि सरल ढंगले केलाउन उनी सफल भएका छन् । यसअधि पनि यस्तै अनेकौ कृतिहरू प्रकाशित गराइसकेका लेखकको लेखन शैली अरू तीखारिदैजाओस्, आफ्नो अभियान जारी नै राखी उनले आफैलाई उछिन्दैजानेमा शंकै छैन । अहिलेलाई यही नै शुभकामना ।

कमल रिजाल

धापासी हाइट, काठमाडौं ।
फोनः ४६५०४९९
मो.९८४१८९०१००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो भनाइ

मोहनदेव भट्टराई

म कुनै आध्यात्मिक सम्प्रदायभित्र अनुबन्धित कार्यकर्ता होइन । न त आध्यात्मिक विज्ञानसँग सम्बन्धित कुनै खास विषयको गम्भीर छात्र नै हुँ । एक सुसंस्कारित परिवेशमा हुर्केर बढेको म आफूलाई ऊर्ध्वगामीरूपले चेतनशील बनाउँदै लैजाने प्रयाशमा सदा केन्द्रित रहँदै आएको छु र यस दिशातर्फ बढदै जान प्रतिबद्ध छु ।

जन्मजात प्रवृत्तिकै कारणले मात्र होइन, परम्परागत रूपमा स्थापित भई आएका अनेकौ मूल्यमान्यताहरूमा हुँदै जानुपर्ने सुधारात्मक क्रियाहरूमा समेत अड्चन आउनुमा हाम्रो वैचारिक प्रवाहमा तगारोको रूपमा तेर्सिएर आउने कुण्ठा हुन् भन्ने म ठान्दछु । वृहत् समाजको प्रत्येक क्षेत्रमा हुनुपर्ने विकासको प्रवाहलाई गतिशील बनाउने हो भने हाम्रो हृदय ग्रन्थिलाई जकडिरहने कुण्ठाहरूलाई खुलाउने प्रयासमा सर्वप्रथम हामी सचेतताका साथ सक्रियरूपले आवद्ध हुनैपर्छ भन्ने हामीले सोच्नुपर्छ ।

स्वस्थ विकास कार्यको उद्गम स्रोत नै विचार हो । अतः यस्तो विचारलाई सर्वप्रथम कुण्ठारहित बनाउने प्रयाशमा सबै

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

क्षेत्रका कर्मठ अनुयायीहरू क्रियाशील हुनैपर्छ । बिचारलाई संकुचित पारी विकास कार्यलाई अघिबढाउन नदिई तगारोको रूपमा रहेका यस्ता कुण्ठाहरूलाई हटाई हृदय ग्रन्थिलाई स्वच्छ र स्वतन्त्र परिवेशमा स्थापित गर्नु एक कठिन कार्य हो । यसको निमित्त अनवरत प्रयाश र प्रयत्नको आवश्यकता पर्छ । बिचार एक मानसिक क्रिया हो । अटल शान्ति र परमानन्दको स्थितिमा प्रवेश पाउन बिचारको अत्यन्त महत्वपूर्ण भूमिका रहेको हुन्छ यदि हामीले बिचारमा सरलताका साथ प्रवेश पाउन तगार ारूपी कुण्ठाहरूबाट हृदय ग्रन्थिलाई मुक्त राख्न सक्यौं भने ।

हामीले बुझ्नुपर्छ व्यक्तिमा रहेको चरित्रको प्रतिबिम्ब बिचारले नै प्रक्षेपण गरिरहेको हुन्छ र त्यो प्रक्षेपण व्यक्तिबाट हुने र गरिने कार्यबाट प्रस्तुत भइरहेको हुन्छ । बिचारविना कार्यनै हुन नसक्ने भएकोले क्रियाको परिचालक व्यक्तिको विचार नै हो भन्ने ठान्नुपर्छ । अतः यथार्थमा हामीले गर्ने वा गरेका सबै काम क्रियाहरूको रूपमा हामीले परिचालन गरेझैं देखिने भएतापनि यी र यस्ता सबै क्रियाहरू यथार्थमा कर्तालाई नै परिचालन गरी बिचारलेनै गरिरहेको हुन्छ भन्ने ठान्नुपर्छ । अतः यस्तो बिचारलाई नै परिष्कृत बनाउनु आजको परम आवश्यक अभियान प्रारम्भ हुनुपर्छ भन्ने हामी ठान्दछौं ।

यहाँ हामीले बिचारलाई चेतनाको पर्यायवाची शब्दको रूपमा प्रस्तु पनि गरेका छौं । यस्तो चेतन तत्वको पनि दुई पाटा हुन्छन्- एक पाटो ज्ञान हो भने अर्को पाटो अज्ञान हो । यी दुवै पाटाहरु विचारको अत्यन्त सान्निध्यमा रहेका क्रिया वाचक भाव बुझाउने शब्द हुन् । ज्ञानले हृदयग्रन्थिलाई कुण्ठारहित स्थितिको वोध गराउँछ भने अज्ञानले हृदय ग्रन्थिमा कुण्ठाको रूपमा रहेको तगारोको संकेत गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्वपूर्ण जिज्ञासा छ, आफ्नो विचारलाई पूर्णरूपले परिष्कृत गराई हृदयग्रन्थिमा जकडिएर रहेको तगारोरूपी कुण्ठालाई कसरी निर्मूलपार्ने ? यस्तो निर्मूल पार्ने क्रिया पनि त विचारकै माध्यमबाट हुनुपर्ने भएकोले यसमा सफलता पाउन अत्यन्त कठिन अभ्यास र अनवरतरूपले चतनशील रहन पर्ने देखिन्छ। यस्ता क्रियामा हामीलाई पूर्णरूपले सहयोगसहित मार्गदर्शन गर्ने गराउने स्रोत कहाँबाट प्राप्त हुन सक्छ त्यो पनि एक गहन खोजको विषय हुनसक्छ ।

आश्चर्य त यस कुरामा छ, यसको खोजको निमित्त हाम्रा समाजशास्त्र, भौतिकविज्ञान शास्त्र या तीसँग सम्बन्धित विविध प्राविधिक विषयका ज्ञानबाट समेत हाम्रो हृदयग्रन्थिमा जकठिइरहेको कुण्ठालाई हामी हटाउन सक्दैनौं बरु यस्ता विषयमा ज्ञानको उच्च तहमा पुगेका अधिकांश विद्वानहरूमा उनीहरूले प्राप्त गरेका ज्ञान नै कुण्ठाको रूपमा यदाकदा देखिदैं आएको पनि छ। यसको निमित्त त हामीहरूलाई आध्यात्मिक विज्ञानको नै अनुसरण गर्नुपर्छ। यो नै एक मात्र विज्ञान हो जसले यस्ता कुण्ठालाई निर्मूल पारी विचारलाई निर्मल बनाउदै लैजान सक्छ । हामीले यसै आध्यात्मिक विज्ञानलाई नै धर्मको पुरक विधाको रूपमा हेरेकाछौं । हामी ठान्दछौं, आध्यात्मिक विद्या धार्मिक क्रियाको सैद्धान्तिक पक्ष हो भने धार्मिक क्रिया आध्यात्मिक विज्ञानको नै प्रयोगात्मक पक्ष हो । यी दुबैका पूर्ण समन्वय र प्रयोगबाट मात्र विचारलाई निर्वाध गतिमा स्वस्थरूपले प्रवाहित गराउन सकिन्छ । कुण्ठारहित विचारको प्रवाहमा नै अखण्ड शान्ति प्राप्त हुने स्थितिको निर्माण हुन्छ र यस स्थितिको पूर्णसुदृढतामा नै परमानन्दको अनुभूति प्राप्त हुने स्थितिको निर्माण पनि हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले बुझ्नुपर्छ, सच्चरित्र सात्विक भावको प्रतिबिम्ब हो भने धर्म सात्विक भावलाई विकास गरी व्यवहारमार्फत प्रदर्शन गरिने क्रिया हो । धर्मलाई यस अर्थमा लिने हो भने मनुष्यजातिमात्रको धर्म एउटै हो भन्ने मान्यतालाई बुझ्ने र बुझाउने प्रयाशमा प्रतिवद्ध हुन आवश्यक छ । विविध धार्मिक सम्प्रदायहरूसित सम्वन्धित रहँदा रहँदै पनि यस क्षेत्रका विशिष्ट विद्वानहरूले गरेका गम्भीर विश्लेषणत्मक अध्ययन तथा त्यस्ता अध्ययनको निष्कर्ष धर्मको मूल आशय र त्यसले दिन चाहेको सन्देश एउटै हो भन्ने छ । अर्थात अर्को शब्दमा परमात्मभावमा अविचलितरूपले केन्द्रित रही सात्विक गुणको पूर्ण अवलम्बनबाट गरिने क्रिया नै धर्म हो भन्ने मान्यतालाई सबैले स्वीकारेका छन् ।

परन्तु वर्तमानमा आएर आध्यात्मिक विज्ञानका सूत्रहरूलाई व्यवहारमा उतार्न अवलम्बन गर्नैपर्ने धर्मरूपी प्रविधिमा नै कुण्ठाहरूको अतिक्रमणले जुन र जस्तो स्थिति पैदा गरेको छ त्यसैको कारणले हुन गइरहेको र बढ्न सक्ने भीषण संक्रमणलाई रोक्ननै होला संभवतः राज्यको तर्फबाट राष्ट्रलाई धर्मनिरपेक्ष घोषित गरिएको छ ।

हृदयग्रन्थिमा जकडिएर रहेको साम्प्रदायीभावले तगारोको रूपमा तेर्साएर राखेका यस्ता कुण्ठाहरूलाई नहटाई सात्विकभावमा प्रवेश नै हुन नसक्ने र यस्तो भावमा हुनुनै पर्ने प्रवेशविना वसुधैवकुटुम्वकम्ले उद्घोष गरेको भावको अवलम्बन हुन पनि नसक्ने भएकोले यस्तो स्थितिको विकास गर्दै लैजान विगतका धर्माधिकारीहरूको असफलता नै पूर्ण कारण ठानिएकोले अब आज व्याप्त साम्प्रदायिक भावहरूलाई निर्मूल पारेर धर्मको प्रयोगलाई उत्साहित स्थितिमा स्थापित गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गराउन वर्तमानमा कार्यरत यस क्षेत्रका अग्रणी तथा नयाँ पुस्ताहरूको काँधमा ठूलो दायित्व आएको ठानिएको छ ।

यसै क्रममा यहाँ अहिले आध्यात्मिक विषयको एक खास महत्वपूर्ण सूत्रमा चिन्तन गर्दा उत्पन्न विचार प्रवाह र त्यस विचार प्रवाहले उत्पन्न गरेको भावले सिर्जना गरेका लहरको तरंगलाई लिपिबद्ध गरी एक सानो रचनाको रूपमा प्रस्तुत गरिएको छ ।

सर्वप्रथम राजनैतिक विश्लेषण गर्दै आएको मलाई त्यस क्षेत्रबाट उन्मुक्त गराई परमार्थभावमा रत रहन असीम प्रेरणा दिने मेरो पूज्य सानीमा चारुशीला मिश्र तथा यस कृति आद्योपान्त अवलोकन गरी अमूल्य आर्शीवाद प्रदान गरिबक्सेका जगद्गुरु श्री बालसन्त मोहनशरण देवाचार्यमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो विचारको तरंगवाट उठेको यस भावको पुञ्जलाई प्रकाशनमा ल्याउन सस्नेह प्रेरणा प्रदान गर्ने आदरणीय श्री उद्धवदेव उपाध्यायज्यू, यस रचनालाई अध्योपान्त अध्ययन गरी अमूल्य भूमिका समेत प्रदान गर्दै म स्वयंलाई पुनः आत्मसमीक्षा गर्न प्रेरणा दिने पूज्य विद्वान श्री कमल रिजालज्यूमा तथा रचनाको प्रकाशनमा सहयोग पुऱ्याउने श्री राजुदेव भट्टराईमा समेत हार्दिक आभार ज्ञापन गर्दछु ।

मोहनदेव भट्टराई

भगवतीढोका,
भगवतीवहाल, नक्साल
फोन ४४१९२१४

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

राजुदेव भट्टराई

प्रकाशकीय

विद्यार्थीकालदेखिनै राजनीतिमा रूची राख्दै आउनु भएका डा. मोहनदेव भट्टराईले सेवा निवृत्त भएपछि केही समय राजनैतिक समीक्षकको रूपमा देखापर्नु भएतापनि हाल आएर आफ्नो चिन्तन मनन आध्यात्मिक लेखनमा केन्द्रित गर्नुभएको छ । भौतिकवादको शिखरमा पुगेको संयुक्तराज्य अमेरिकामा विद्यावारिधि गर्नुभएका विद्वान शिक्षाविद डा. भट्टराईको आकर्षण भौतिकवादतिर नरही आध्यात्मिक चेतनातिर उन्मुख हुनु हाम्रो समाजका लागि गौरवको कुरा भएको छ । वि सं १९९० असार १८ गते काठमाडौमा जन्मनुभएका डा.भट्टराईको यो आध्यात्मिक विषयको चौथौं पुस्तक हो ।

आध्यात्मिक विषयवस्तुका पुस्तकहरु लेख्ने लेखकहरु नेपालमा धेरै हुनुहुन्छ । आध्यात्मिक लेखकका भीडमा डा. भट्टराईको उपस्थिति केवल उपस्थितिको रुपमा मात्र नभएर, उहाँको चिन्तन र प्रस्तुतिको आधारमा म उहाँलाई विशेष नै मान्छु । धर्मको प्रचलित व्याख्याबाट उहाँ सन्तुष्ट हुनुहुन्न, उहाँ धर्मका विविध पक्ष र सिद्धान्तलाई मथेर विचारोत्तेजक नवीन मीठा रहस्यपूर्ण व्याख्याहरू दिनुहुन्छ, जुन पहिले त पत्याउन पनि कठिन हुन्छ तर जब उहाँको प्रस्तुतिलाई मनन गर्दैजाँदा आफूलाई नयाँ विषयको जानकारी भएको पाठकले अनुभव गर्छ । उहाँको लेखनीको विशेषता के हो भने उहाँले प्रचलित सोचलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पन्छाएर नयाँ व्याख्या दिंदा उहाँ कुनै पुराण, उपनिषद, कुनै सिद्धान्त वा कुनै महान विचारक वा लेखको भनाइलाई आधार बनाउनु हुन्न, जे छन् उहाँका आफ्नै मौलिक व्याख्या हुन्छन् । उहाँका विचारहरूले सुषुप्त मस्तिष्कलाई झक्झक्याएर सचेत बनाउँछन् ।

उहाँका पुस्तकहरु साना र मसिना छन्, तर प्रभावकारी छन् । उहाँका लघु पुस्तकहरूलाई तन्काएर दुईसय वा चारसय पृष्ठहरुमा तन्काउन नसकिने पनि होइन, तर उहाँले त्यसो गर्नुभएको छैन । डा. भट्टराईले प्रकाशन गर्नुभएका प्रायः सबै पुस्तकमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सम्मिलित हुने सौभाग्य उहाँले मलाई दिदै आउनुभएको छ । भविष्यमा पनि यो पुनीत कार्यमा सहयोग गर्न पाउने आशा गर्दै, उहाँको चिन्तन नयाँ नयाँ विषयमा प्रस्फुरण भइरहोस् भन्ने कामना गर्दछु ।

27 Astley Avenue
New Lynn
Auckland, New Zealand

राजुदेव भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म-परधर्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वधर्म-परधर्म

आध्यात्मिक ग्रन्थहरूमा यदाकदा यस्ता शब्दहरूको प्रयोग भैरहेका हुन्छन् जुन हेर्दा सामान्य र सरल भाव बुझाउने खालका देखिएता पनि तीभित्र गुढ अर्थ समावेश भैरहेका हुन्छन् र ती गुढ र तथ्यपरक मर्म बुझ्न अत्यन्त गम्भीर र आत्मपरक चिन्तन र अन्वेषण गर्नुपर्ने हुन्छ। सरल शब्दको प्रयोगबाट प्राप्त बुझाइले हामीलाई गलत सन्देश दिई दिग्भ्रम समेत गराउन सक्छ भने यसले दिने गुढ अर्थ र यथार्थपरक भाव बुझ्न गम्भीर प्रयोगको आवश्यकता पनि पर्दछ। दृष्टान्तको रूपमा यहाँ हामीले श्री मद्भगवत्गीताको तेस्रो अध्यायको ३५औँ श्लोकलाई प्रस्तुत गरेका छौँ र यसै उद्घोषमा प्रयोग भएका शब्द र त्यस शब्दमा अन्तर्निहित सूक्ष्म भाव बारे चर्चा गर्ने छौँ⊙। यस श्लोकको सरल अर्थ-"आफ्नो धर्ममा केही कमी छ भनेतापनि यसैलाई श्रेष्ठ मानेर यसैमा मर्नु श्रेयकर छ, अरूको धर्म जतिसुकै निष्ठायुक्त र आचरण गम्य भए पनि त्यो भयावह

⊙"श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनिष्ठितात्।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः" ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ।" यहाँ आफ्नो धर्मलाई "स्वधर्म" र अरूको धर्मलाई 'परधर्म' भन्ने जस्तो भान हुन्छ।

यी शब्दको प्रयोगले जिज्ञासा प्रकट हुन्छ - के धर्म पनि विविध प्रकारका हुन्छन् ? के धर्मले धार्मिक विग्रह र कलह पैदा गर्दै मर्ने र मार्ने कामलाई समेत वैधानिकता प्रदान गर्दछ ? होइन भने स्वधर्म र परधर्म भनेर धर्ममा विभेद किन दर्शाइयो ? अझ कुनै कुनै विद्वानहरूले धर्ममा 'वि' उपसर्ग थपेर अरूको धर्मलाई "विधर्म" भन्ने धृष्ठता समेत गरेका पनि छन्।

जुन समयमा श्रीकृष्णबाट उक्त भाव उद्घोष भयो त्यो बेला आज संसारमा प्रचलित भएका विविध धर्महरू थिएनन्। क्रिष्चियन, इस्लामिक, यहुदी, बौद्ध, जैन मात्र होइन त्यस समयमा 'हिन्दु' नाम बाट व्यक्त धर्म पनि प्रस्तुतिमा आएको थिएन। धर्म एकमात्र थियो। त्यो थियो सनातन धर्म।

हामीले बुझ्नुपर्छ, धर्मको अगाडि कुनै विशेषण जोड्दैमा धर्म विभाजित हुँदैन। विश्वमानव समाजको धर्म एउटै हो। दुई हुनै सक्दैन। वृहद समाज साम्प्रदायिक संगठनमा विभक्त र विभाजित हुन थालेपछि सम्प्रदाय सम्प्रदायहरूले आफ्नो सम्प्रदायलाई छुटै बनाउन साम्प्रदायिक या भनौं जातीय विशेषण जोड्दै आएकाले 'धर्म' मा अनेकता देखिएको हो- सतही स्वरूप र मान्यतामा। यदि हामीले यस्ता साम्प्रदायिक विशेषताहरूलाई हटाएर धर्मको गहिराईमा पुगेर यसको यथार्थतालाई आत्मसात गर्ने प्रयाश गर्‍यौं भने विविध नामबाट आफूलाई अरूबाट अलग्याएर देखापरेमा धर्महरूको यथार्थतामा एकदमै समानता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइन्छ । आज धर्म-धर्ममा जुन विभेद देखिएको छ त्यो कृत्रिम मात्र हो र यस कृत्रिमताले नै आज धार्मिक क्रियालाई यति नराम्रोसित जकडिदिएको छ, हामी 'धर्म' को यथार्थ मर्म बुझेर होइन बरु साम्प्रदायिक शब्दको महत्वलाई मात्र समाएर धर्मको नाममा मर्न र मार्न पनि प्रवृत्त हुदैँ आएका छौं । धर्ममा 'स्व' र 'पर' भन्ने जुन उल्लेख भएको छ त्यसको गुढ अर्थ हामीले बुझ्नु परेको छ ।

धर्ममा विभेद देखाउन 'स्व' र 'पर' को प्रयोग भएको होइन भन्ने कुरा उल्लेख गर्दा गर्दै पनि अब हामीले यसको प्रयोग हुनु पर्ने बाध्यात्मक आवश्यकता के हो त भन्ने कुरामा पनि प्रष्टिन परेको छ । अतः यहाँ हामी यसैको सेरोफेरोमा आफ्नो धारणा प्रस्तुत गर्ने प्रयास गर्ने छौं ।

धर्मबारे असान्दर्भिक धारणा

शुरूमा हामीले बुझ्नु पर्छ धर्म भनेको के हो ? यसको परिभाषा के हो ? यसको लक्षण के हो ? यसलाई प्रतिष्ठापन गर्नुपर्ने उद्देश्य के हो, इत्यादि । हामीले माथि नै उल्लेख गरिसक्यौं - आध्यात्मिक ग्रन्थहरूमा यदाकदा प्रयोग हुने शब्दबाट निर्माण भएको वाक्यले प्रस्तुत गरेको गम्भीर भाव बुझ्न नसके हामी स्वयम्लाई दिग्भ्रम पनि बनाउँछ । यथार्थमा बनाइरहेको पनि छ । हाम्रो आध्यात्मिक ग्रन्थहरूमा धर्मको चर्चा-परिचर्चा हुँदा प्रयोग हुने शब्दहरूले कुन भाव, कुन ध्येय र कस्तो शैलीको माध्यमबाट कसरी हामीलाई दिशा निर्देश गर्न खोजिरहेको छ भन्ने कुरालाई गम्भीरताका साथ आफ्नो चेतनामा स्थापित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरेर हामीले आफूबाट हुने क्रियाकलापलाई कसरी व्यवस्थित बनाउने भन्ने तर्फ क्रियाशील रहनु पर्दछ।

धर्मको वास्तविक स्वरूपको चर्चा गर्नु अगाडि धर्मको नामबाट प्रचलित तर पूर्णरूपले धर्मसित असम्बन्धित धारणा र भनाइहरू उल्लेख गरेर यस्ता गलत धारणाहरू पूर्ण रूपले निराकरण गरिनु आवश्यक ठानी यसबारे केही छोटो चर्चा गर्नेछौं।

पहिलो असान्दर्भिक र गलत प्रयाश धर्मलाई जडतत्वसित सम्बन्धित गरेर दृष्टान्त दिने प्रचलन हो। 'आगोको धर्म उष्णता प्रदान गर्नु हो र पानीको धर्म बग्नु हो। उनीहरूले आफ्नो धर्म किंचित पनि नछोडे झैं मानिसले पनि उनीहरूको सिको गरी आफ्नो धर्ममा अडिग रहनुपर्छ' भन्ने उपदेश पढ्न र सुन्न पाइन्छ। तर हामीले यथार्थलाई बुझ्नुपर्छ - पानी तथा आगो जडत्व हुन्। जडत्वको कुनै धर्म हुँदैन। उनीहरू त आफ्नो प्राकृतिक लक्षणको परिवेशको सीमामा सीमित छन्, यस्ता प्राकृतिक लक्षणहरू जडतत्वको नियन्त्रण या परिचालनमा अड्नै सक्दैनन्।

दोस्रो- धर्मलाई "कर्तव्य" को संज्ञाबाट हेरिने दृष्टिकोण पनि गलत हो भन्ने हामी ठान्दछौं। धर्म कर्तव्यभन्दा पनि धेरै उत्तम, गतिशील र अपरिवर्तनीय क्रियाको ज्योत्स्ना हो। धर्मको पर्यायवाचीको रूपमा कर्तव्यको दृष्टान्तको चलनले गलत सन्देश दिन्छ र हामीलाई यथार्थ सत्यको निरूपण गर्न गराउन दिग्भ्रम समेत बनाउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्तव्यले त भौतिक जगतलाई सुखी र सुव्यवस्थित राख्न र शासन व्यवस्थालाई सुनियोजित तवरले दृढताका साथ संचालन गर्न गराउन अति आवश्यक कानूनी तथा न्यायिक व्यवस्थाको पालना तर्फ नागरिकहरूबाट हुनुपर्ने दायित्व तर्फको सचेतना र अनुगमन तर्फको बोधलाई संकेत गर्नेसम्म हो। न्याय र कानूनको व्यवस्थाबाट राष्ट्रले निर्देश गरेको सीमाको अतिक्रमण भएमा दण्ड सहितको कठोर कारवाही समेत अतिक्रमणकारीले भोग्नै पर्ने प्रावधानलाई बुझेर आफ्नो क्रियाकलाप र व्यवहारलाई कानूनी मर्यादाको सीमाभित्र रहने अर्थमा "कर्तव्य"को बोध सीमित रहेको हुन्छ। तर धर्मले भौतिक जगत मात्र होइन आध्यात्मिक सन्देशको सर्वोच्च शाश्वत विन्दुलाई नै लक्षित गरेको हुन्छ।

यस्तै कसै कसैले सामाजिक मूल्य मान्यताप्रति आस्था, सम्मान तथा नैतिकता र मर्यादाको परिचालन क्रियालाई पनि धर्मको संज्ञाबाट हेर्ने गरेका छन् जुन ठीक होइन भन्ने हामी ठान्दछौँ। मूल्य, मान्यता, नैतिकता र मर्यादाले पनि भौतिक समाजको क्रमशः विकास गर्दै आएको आचरण र व्यवहारको प्रतिनिधित्वसम्म गरेको हुन्छ। यस्ता गुणहरू पनि समसामयिक रूपले परिवर्तनशील हुन्छन्। अर्को शब्दमा यी त भौतिक जगतको जीवन क्रमलाई सुव्यवस्थित परिचालन हुन तत्कालीन चेतनशील प्रबुद्ध व्यक्तित्वहरूको अनुभव, अगुवाइ र क्रियाशीलताबाट स्थापित भई क्रमशः परिवर्तन हुँदै जाने सामाजिक मान्यताको सीमाभित्र परिचालित रहने व्यवहारसम्म मात्र हुन्, धर्म होइनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कतिपय विद्वानहरूले वर्णाश्रम व्यवस्था अन्तर्गतको विधि विधानहरूलाई धर्मको संज्ञा दिएर वर्ण-वर्णको छुट्टै धर्मको परिकल्पना गरी आफ्नो-आफ्नो वर्ण अनुसारको आचरण, व्यवहार र कर्मलाई स्वधर्म र अर्को वर्णको अनुकूलको आचरण, व्यवहार र कर्मलाई परधर्ममा हेर्ने गरेको पनि पाइन्छ। वर्णाश्रम व्यवस्थाको परिकल्पना गरी धर्मलाई त्यस अनुकूल छुट्टाछुट्टै समूहहरूमा विभाजन गरी धार्मिक क्रियामा समेत विभेद ल्याउने जुन प्रयाश शुरू भयो त्यसले सामाजिक संरचनामा समेत गहिरो विभेद ल्याउने जुन स्थितिको निर्माण भयो त्यसले एकातिर धर्मलाई गलत अर्थमा लिएको मात्र होइन समाजलाई नै सुव्यवस्थित संरचना अनुकूल परिचालित रहनुपर्ने जुन अनिवार्य आवश्यकता छ त्यसलाई समेत अन्तत्वोगत्वा वर्तमानमा आएर दूषित पार्ने क्रियाको रूपमा देखिन आएको छ।

अवश्य पनि प्राचीन इतिहासको एक काल खण्डमा वर्णाश्रम व्यवस्थाको स्थापना भएको थियो। त्यसको अवशेषको पहिचान आजसम्म पनि देखिदैं आएको छ। तर त्यो व्यवस्थालाई आज आएर जातीय संगठनलाई होइन प्रवृत्तिगत संस्कार र व्यवहारलाई मात्र प्रतिनिधित्व गर्दा रहेछन् भन्ने तथ्य हामीले बुझ्नु परेको छ। एउटा ब्राह्मणको छोरामा क्षत्रीय, वैश्य या शुद्रको प्रवृत्ति पनि हुन सक्छ। ब्राह्मणको प्रवृति नै आउँछ भन्नु ठीक होइन। त्यस्तै एउटा क्षत्रीयको छोरामा ब्राह्मण, वैश्य या शुद्रको प्रवृत्ति पनि आउन सक्छ। क्षत्रीयको नै प्रवृत्ति आउँछ या आएको छ, हुनुपर्छ भन्ने छैन। एउटा शुद्रमा पनि ब्राह्मण, क्षत्रीय वा वैश्यको प्रवृत्ति आउन सक्छ। शुद्रको नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रवृत्ति आउँछ भन्ने छैन । फेरि जिज्ञासा छ- वर्ण विभाजन के को आधारमा भयो र कसरी विभाजनमा ल्याइयो ? यो एक गम्भीर अध्ययन, अन्वेषणको विषय हो । तर हामी अहिलेलाई वर्णले जातीय प्रवृत्ति होइन व्यक्तिगत प्रवत्तिलाई मात्र लक्षित गरेको हुन्छ भन्ने मान्यता राख्नुपर्ने आवश्यकता औल्याउँछौं । यसको साक्षी हाम्रो आफ्नै संस्कृति र इतिहास नै छ । हामीलाई थाहा छ विश्वामित्र क्षत्रीयकुलका थिए । उनी ब्राह्मण हुन चाहन्थे । यसको लागि उनले धेरै प्रयाशको साथसाथै संघर्ष पनि गरे र पछि ब्राह्मणत्व पनि प्राप्त गरे । परशुराम ब्राह्मण कुलका थिए तर उनले आजीवन नै क्षेत्रीयोचित्त क्रियामा आफूलाई रत राखे । महाभारतकालका विदुर दासी पुत्र थिए । यिनलाई कुन वर्गमा राख्ने ? तर उनको विद्वता, व्यवहार र सदाचारलाई हेर्ने हो भने उनी पूर्णरूपले ब्रह्मज्ञानी नै थिए । अर्थात् वर्णाश्रम अन्तरगत पर्ने कुनै घेरा या सीमाभन्दा धेरै उच्च स्थितिमा थिए । भीष्म पितामह कै कुरा गरौं- उनी यथार्थमा क्षत्रीय कुलका थिए । तर जीवनको अन्तिम अवस्थासम्म पनि ब्राह्मणोचित व्यवहारमा नै केन्द्रित रहे । अर्का ब्राह्मण द्रोणाचार्य वशिष्ठ विद्वान त थिए तर जीवनको उत्तरार्धमा उनी र उनका छोरा अश्वस्थामाले जे जस्ता क्रिया गरे, के ती कार्यहरू ब्राह्मणोचित थिए त ? राजा शुद्धोधनका छोरा सिद्धार्थ क्षत्रीय कुलका थिए । पछि उनको स्वभाव र प्रवृत्तिमा जुन परिवर्तन आयो र उनले संसारिक मोह र पारिवारिक ममताको बन्धनबाट आफूलाई मुक्त पारेर जुन र जस्तो साधनाको अवलम्बन गर्दै सूक्ष्म चिन्तनको गहिराइमा पुगेर जुन साध्यता प्राप्त गरे त्यसको झङ्कार आजसम्म पनि शान्तिसन्देशको उच्च उदघोषको रूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्कण्ठरूपले विश्वसमुदायको आश्रय स्थलको चारै दिशामा घन्किरहेको छ। उनले जेजस्ता आचरण र व्यवहारको अवलम्बन गरे, जुन प्रयाशले शाश्वत ज्ञानको केन्द्रविन्दुमा आफूलाई स्थापित गरे र जेजस्ता सन्देश विश्व समुदाय माझ प्रकाशित रूपले प्रवाहित गरे के त्यो क्षत्रीयोचित्त थियो ?

उदाहरणको अन्त्यमा एक पटक साम्राट अशोकको पनि चर्चा गरौँ। उनी राजपुत खानदानका क्षत्रीय वंशका थिए। राजगद्दी प्राप्त भएपछि उनी प्रचण्ड युद्धपिपासु बने। उनको श्वास प्रश्वासमा युद्धको ललकार उग्ररूपमा ध्वनित हुन्थ्यो। रक्त पिपासुको रूपमा उनी युद्धको मैदानमा अट्टहासका साथ प्रस्तुत हुन्थे। पछि अनायश उनको शोचविचार क्रियाकलापमा व्यापक परिवर्तन आयो। अन्तत भगवान् गौतम बुद्धको सन्देशको रसास्वादनपछि उनमा जुन परिवर्तन आयो त्यसको स्वरूप कुन वर्णाश्रम अन्तर्गत पर्छ ? - सोचौँ एक पटक।

प्राचीन परिवेशको कुन र कस्तो सन्दर्भलाई लिएर कस्तो किसिमको सामाजिक संरचनको संगठनात्मक रूपरेखालाई लक्ष्य राखेर वर्णाश्रम व्यवस्था र त्यस व्यवस्था अन्तर्गत अनुशीलन गर्नु पर्ने गरी धर्मको परिकल्पना गरिएको थियो - त्यो बेग्लै गम्भीर अध्ययनको विषय हुनसक्छ, खासगरी समाजशास्त्रीहरूका लागि। त्यो समयमा त्यसको सामयिक सन्दर्भ संभव थियो होला तापनि यसले शाश्वत धर्मको आदर्श र यथार्थतालाई मनन गर्न नसकेको आजको हाम्रो ठहर छ। यस धारणाको परिवेशले आज जुन दुषित प्रभाव हामीमा परिआएको छ त्यसलाई समूल नष्ट गरी "धर्म" को भावना अविरल प्रज्ज्वलित रहिरहने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थितिको निर्माण आजको परम आवश्यकता रहेको छ। अतः आज आएर पनि हामी वर्णाश्रम व्यवस्था र त्यस अन्तर्गतको वर्णाश्रम धर्मको पक्षमा वकालत गर्दै गयौं भने यसले समाजको स्वस्थ र गतिशील प्रवाहमा संकट निम्त्याउने त होइन, गम्भीर हुनु परेको छ।

धर्मको परिभाषा

"धर्म" अत्यन्त सूक्ष्म र गम्भीर भावमय विषय हो। यसको वृहद गाम्भीर्यतामा विस्तृत चर्चा गर्ने यस लेखको तात्पर्य होइन। हामीले त यहाँ धर्मसित जोडिएको 'स्व' र 'पर' लाई कुन भावले हेर्ने र कसरी यसको औचित्य बुझ्ने भन्ने तर्फ संक्षिप्त चर्चा गर्ने प्रयाशसम्म गर्न खोजेका हौं। तैपनि "धर्म" ठोस पदार्थ नभएकोले र यसको गतिशील स्थितिबारे केही जान्नै पर्ने भएकोले त्यस तर्फ सूक्ष्म संकेत गर्ने प्रयाशसम्म भएको छ। यस्तो सांकेतिक प्रयाश बाटै 'स्व' र 'पर' को यथार्थता र महत्व बुझ्न र बुझाउन केही हदसम्म सकिनेछ भन्ने ठानिएको छ। अतः यस तर्फ केही संक्षिप्त र सांकेतिक प्रयाश यहाँ गरिन्छ।

'स्व' र 'पर' धर्मसित जोडिएर प्रयोग भएकोले शुरूमा "धर्म" को संक्षिप्त परिभाषा दिनु आवश्यक छ। हामीले धर्मलाई क्रियाको पर्यायवाची शब्दको रूपमा यहाँ प्रयोग गरेका छौं। जिज्ञासा उठ्छ, कस्तो क्रिया ? अध्यात्मिक क्षेत्रमा रुचि राखी गरिने अध्ययन, सत्सङ्गबाट सुनिएको, श्रवण र दत्तचित्त भई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको चिन्तन, मनन र निदिध्याशनबाट प्राप्त प्राज्ञिकज्ञानलाई केन्द्र विन्दुमा राखेर गरिने क्रियालाई नै हामीले धर्मको संज्ञाबाट विवेचना गरेका छौं। यस्ता क्रिया कर्मको माध्यमबाट प्रवाहित हुन्छ भने कर्म कर्ताबाट परिचालित रहन्छ। अर्थात् कर्ताबाट प्राज्ञिक ज्ञानलाई धारणामा राखेर आध्यात्मिक कर्ममा स्थिर रही गरिने क्रिया नै धर्म हो भन्ने हामीले बुझ्नु पर्दछ। क्रिया आफैंबाट परिचालित हुने गतिविधि होइन। क्रियाको अवलम्वन कर्ताबाट मात्रै हुन्छ। अतः हामीले कर्ता को हो भन्ने बारेमा पनि गम्भीर सोच राख्नु परेको छ। सामान्य लोकलयको भाषामा भन्नु पर्दा कर्ता भन्नु नै मुनष्य हो। पुनः जिज्ञासा हुन्छ- मनुष्य के हो त ? मनुष्यको वास्तविक पहिचानविना न त कर्ताको बोध हुन्छ, न धर्मको पहिचान। अतः सर्वप्रथम हामीले मुनष्यको बारेमा नै ज्ञान प्राप्त गर्नु आवश्यक छ।

आध्यात्मिक अर्थमा मनुष्य तीन प्रमुख तत्वहरूको संयोजनबाट निर्मित साकार स्वरूप हो। ती तीन तत्व हुन् : (क) निराकार निर्गुण आत्मिक तत्व (ख) निराकार सगुण जीवतत्व र (ग) साकार निर्गुण देहतत्व।

यी तीन तत्वहरूबारे प्रष्ट ज्ञान भएपछि मात्र हामी कर्ताको अनुभूति गर्न सक्छौं। कर्ताको ज्ञान भएपछि मात्र कर्ताबाट हुने विविध क्रियाकलापहरूको विश्लेषणात्मक समीक्षा सम्भव हुन्छ। अनि यस्तो समीक्षापछि मात्र हुने गरेका क्रियाकलापहरूको अन्तरविभेद पछि मात्र निश्चित रूपले प्रस्तुत हुने गुणात्मक पक्षको क्रिया धर्मको नामबाट उद्घोष हुन सक्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले माथि उल्लेख गरेको पहिलो तत्व निराकार निर्गुण आत्मिकतत्व भनेर जुन उल्लेख गरेका छौं त्यसले स्वयम् परमात्मालाई नै दर्शाउन खोजेको हो। परमात्माबाट सर्वप्रथम जगत्को सृजना सम्पन्न भएपछि त्यस जगतमा चर समूहको उपस्थितिको चाहना जागृत भयो र आफ्नै संकल्पशक्तिबाट आफ्नै अंश प्रदान गरेर 'जीव' को सृजना भयो। सर्वप्रथम हामीले बुझ्नुपर्छ, जीवको निर्माण परमात्माकै संकल्परूपी कृपाबाट परमात्मामा नै निहित रहेको पाँच प्रमुख अंशसहित सृजना भएको हो। यी पाँच तत्वहरूमा पहिलो तत्व हो- "निराकारिता"। निराकार परमात्माबाट आफ्नो प्रमुख अंश निराकारिता समावेश गरेर जीवको सृजना भएको छ। दोस्रो अंश हो "अजर-अमरत्व"। तेस्रो तत्व हो 'प्रेम'[1]। निराकार परमात्मा प्रेमावतार पनि हुन् र यस प्रेमको अंश जीवलाई पनि प्राप्त भएको छ। जीवले पाएको यो प्रेमभाव पनि परमात्माको अति महत्वपूर्ण अंश हो भन्ने कुरा हामीले बुझ्नु पर्दछ। परमात्माबाट जीवले पाएको चौथो अंश हो 'चेतना'। परमात्मा अखण्ड चेतनाको सर्वोच्च स्रोत हुन् भने यही अखण्ड चेतनाको सूक्ष्म अंश जीवलाई पनि प्राप्त भएको छ। यो चेतना शक्ति परमात्माबाट जीवले पाएको अति महत्वपूर्ण अंश हो। सामान्यतया सृजकले सृजना गरेको वस्तुले स्वयम् सृजक तर्फ दृष्टि फिराउन सक्दैन। तर यहाँ सृजित जीवले समेत सृजक परमात्माप्रति सजक र सचेत रहने जुन शक्ति पाएको छ त्यो नै अत्यन्त अर्थपूर्ण र महत्वपूर्ण रहेको छ। परमात्माबाट पाएको

---

[1] स्नेह, संरक्षण, सेवा र सम्मानको समष्टिगत भाव बुझाउने शब्दलाई हामीले "प्रेम" भन्ने गरेका छौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को अतिमहत्वपूर्ण तत्व "शक्ति" पनि हो भन्ने कुरा पनि हामीले राम्ररी बुझ्नु परेको छ। माथि कतै उल्लेख भइसकेको छ, अचर जगतको सृष्टिपछि परमात्माबाट त्यही जगतमा क्रियाशील भई कर्म गर्न नै चर जगतको सृजना भएको हो। क्रिया गर्न शक्तिको पनि आवश्यक छ र यो शक्तिको स्रोत पनि स्वयम् परमात्मामा नै निहित रहेको छ। जीवलाई क्रिया गर्न चाहिने शक्तिको प्राप्तिको स्रोत पनि उनै परमात्मा नै हुन् भन्ने बुझ्नु हामीलाई अप्ठेरो छैन। तर कसरी के को माध्यमबाट जीवलाई आवश्यक पर्ने मात्राको शक्ति प्राप्त हुन्छ भन्ने कुरा र त्यो शक्तिले कसरी जीवलाई कस्ता किसिमले क्रियारत बनाउन सक्छ भन्ने कुरा भने हामीले राम्ररी र प्रष्टसित बुझ्नुपरेको छ। परमात्माबाट जीवले कसरी शक्ति प्राप्त गर्छ यो शक्तिको स्वरूपको निरूपण कसरी हुन्छ र यस शक्तिबाट प्राप्त हुने प्रतिफलको स्वरूप कसरी निर्धारण हुन्छ भन्ने अति गहन पक्षका पनि हामीलाई बोध हुनुपर्छ। यस सम्बन्धमा हामी 'गुण' को चर्चा गर्दा संक्षेपमा उल्लेख गर्ने छौं। यो शक्तिको परिचालनको क्रिया र यसले देखाउने शक्तिको स्वरूप जीवले देहको माध्यमबाट गरिने क्रिया र क्रियाले व्यक्त गर्ने 'गुण' सित सम्बन्धित रहेको छ। त्यस सम्बन्धी चर्चा गर्दा प्रष्ट पार्ने प्रयाश गरिने छ।

निराकार निर्गुण परमात्मतत्वले जीवको सृजना गरी जीवलाई समेत निराकार राखी उल्लिखित पाँचतत्वहरू आफ्नो अंशी जीवलाई प्रदान गरिएको चर्चा संक्षेपमा हामीले गर्‍यौं। तर अब जिज्ञासा छ- निराकार जीवतत्वले संसारमा रही के के क्रियाकर्म कसरी संचालन गर्छ ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रिया गर्न उपकरणहरूको आवश्यकता पर्छ। निराकार जीवले साकार जगतभित्र नै सीमित रहेर क्रिया गर्दा चाहिने उपकरणको स्वरूप के हो त ? परमात्माबाट आफ्नो संकल्पले नै जीवलाई विविध इन्द्रिय सहितको देह उपकारणको रूपमा नै प्राप्त भएको छ। यही उपकरणकै माध्यमबाट जीवले अभिलाषित क्रियाकर्म गर्छ र गराउँछ।

अब अर्को जिज्ञासा छ- परिवेशको। कुनै पनि क्रिया निश्चित परिवेशको सीमामा आवद्ध रहन्छ र यसले गुणको पनि प्रस्तुति गरिरहेको हुन्छ। उपकरणको माध्यमबाट गरिने क्रियाको परिवेशको सीमा के हो र उसबाट सम्पादन हुने क्रियाको गुणको स्थितिको निरूपण कसरी हुन्छ ?

हामीले संक्षेपमा माथिनै उल्लेख गरेकै छौं - जीवले देहको माध्यमबाट गरिने क्रियाको परिवेश जगतको सीमा भित्रसम्म मात्र समेटिएको छ। जीवमा रहेको चेतन तत्वले जीवको आफ्नो निजी क्रियाको परिवेश त परमात्मासित हुन सक्ने बोधगम्य सीमासम्म विस्तृत रहेको हुन्छ तर जीवले प्रयोग गर्ने उपकरणको परिचालनको सीमाचाहिँ सान्सारिक परिवेशभित्र मात्र सिमित रहेको हुन्छ। यस तथ्यलाई हामीले प्रष्टसित बुझ्नु आवश्यक छ।

हामीले माथि उपकरणको प्रयोगबाट हुने क्रियाले नै गुणको परिवेश पनि निर्धारण गरेको हुन्छ भन्ने कुरा उल्लेख गरेका थियौं। प्रत्येक क्रियाले गुणको स्थिति दर्शाई रहेको हुन्छ। यसबारे विशेष चर्चा त पछि गरिने छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले माथि जीव, उसले प्रयोग गर्ने उपकरण र क्रियाले दर्शाउने गुणको बारेमा केही कुरा व्यक्त त गर्‍यौं। त्यसलाई अझ प्रष्ट बुझ्न आवश्यक भएकोले पुनः विशेष दृष्टान्त प्रस्तुत छ। यस आवश्यकतालाई हृदयंगम गरी बुझ्न नसक्दा या भनौं बुझ्ने प्रयाशमा अलमलियौं भने धार्मिक क्रियाको अति महत्वपूर्ण श्रङ्खलालाई नै उल्टो गतिमा प्रवाहित गराउँछ।

हामीले राम्ररी र प्रष्टसित बुझ्नुपर्छ जीव चेतन तत्व हो। चेतन तत्व भएकोले कर्मको निरूपण र कर्मको अवलम्बन गर्ने काम जीवले नै गर्दछ। अर्थात् कर्म र क्रियाको सान्निध्यबाट एक निमेष पनि पृथक रहन नसक्ने बाध्यता कर्तामा रहेको हुन्छ। अर्को तर्फ देह जड तत्वको रूपमा रहेको उपकरणसम्म मात्र हो र यस उपकरणको प्रयोग जीवले मात्र गर्दछ। अर्को शब्दमा भन्नु पर्दा देह जीवको लागि हो। जीव देहको लागि होइन। यो अन्तर हामीले राम्ररी बुझ्न सक्नु परेको छ।

त्यस्तै यो जगत् या संसार जीवको क्रियाक्षेत्र मात्र हो। जीवले गर्ने सम्पूर्ण क्रिया कर्म परिवेशको रूपमा रहेका संसारको सीमाभित्र नै रहेको हुन्छ। क्रियाक्षेत्रको रूपमा मात्र सीमित रहेको जगत या संसार जीवको लागि मात्र हो, संसारको लागि जीव होइन।

अर्को बुझ्नुपर्ने कुरा 'गुण' सित छ। जीवले गर्ने प्रत्येक क्रियाकर्ममा गुणको स्वरूपको उपस्थिति अवश्य नै रहेको हुन्छ। अर्थात् जीवले गर्ने क्रियाकर्म गुणको प्रभावबाट सिंचित रहेकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ। तर यो सिंचितिको स्थिति स्वयं गुणको कारण होइन जीवको कारणले नै हो । जीवले जस्तो किसिमको कर्म गर्दछ त्यस्तै किसिमको गुण कर्म मार्फत् प्रतिविम्वित हुन्छ। अर्थात् जीवको कर्मको माध्यमबाट गुणको छनोट भैइरहेको हुन्छ, नकि गुणले जीवले गर्ने कर्मको निरूपण।

यही कुरालाई अझ प्रष्टसित बुझ्न पुनः प्रयाश गरौँ। निराकार सगुण जीवतत्व (जीव) निराकार निर्गुण आत्मिकतत्व (परमात्मा) र साकार निर्गुण देहतत्व (देहरूपी उपकरण) को बीचमा रहेकोले दुवै तर्फको गहिरो प्रभाव उसमा परिरहेको हुन्छ र आत्मिक भाव र जीवभावमध्ये कुनै एक भावप्रति बढी झुकावमा जान सक्छ। हामीले दैहिकभावप्रति बढी झुकाव भएको जीवलाई दैहिक जीव र आत्मिकभाव प्रति बढी झुकाव भएको जीवलाई जीवात्मा भन्ने गरेका छौँ। हामीले दैविक जीव अर्थात् आध्यात्मिकभावप्रति बढी झुकाव भएको जीवलाई जीवात्मा भन्ने गरेका छौँ। जीवात्मा शब्दलाई दैविक जीव अर्थात् आध्यात्मिक जीवको भावार्थ दिने शब्दको रूपमा समेत प्रयोग भएको छ भन्ने ठान्नु पर्दछ। सामान्यतथा जीव नै क्रियाकर्ममा आवद्ध हुनुपर्ने भएकोले र कर्म गर्दा उपकरणको रूपमा देह तत्वलाई नै प्रयोग गर्नुपर्ने भएकोले जीवमा लोकार्थ भावले हेर्ने, चिन्तन गर्ने, निष्कर्ष लिने, कार्य योजना तयार गर्ने तथा क्रियाको परिचालन गर्ने भएकोले दैहिक भावले नै उसको चिन्तन, मननमा दरिलो प्रभाव पारेको हुन्छ । त्यही भावको सीमामा ऊ जकडिएको हुन्छ। दैहिक भावमा जकडिनु भन्नु नै भौतिक जगत्को प्रभावमा पूर्ण रूपले बन्धित हुनु हो। यस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्थितिमा उसको आकांक्षा केवल भौतिक पदार्थ तर्फमात्र रुमल्लिइ रहेको हुन्छ र उसको क्रियाकर्म यस्तै आकांक्षाको आपूर्ति गर्ने प्रयाशमा मात्र केन्द्रित रहेको हुन्छ। यसरी दैहिक भावमा जकडिएको जीवको सबै क्रियाकर्म रजो र तम गुणको परिधिभित्र मात्र केन्द्रित रहन्छ।

जीवतत्वको पहिचान

अब आत्मिकभाव तर्फ अभिमुख रहेको जीव तत्व बारे पनि केही उल्लेख गरौँ। जुन सरलता र सुगमता साथ जीवले आफूमा नै दैहिकभाव आरोपण गर्न सक्छ, त्यही सरलता साथ आत्मिकभावमा आफूलाई आरोपित गराउन सक्दैन। आत्मिक तत्व निराकार, निर्गुण रहेकोले जीवतत्वले त्यस तर्फ निर्भरताको महसुस गर्नु नपरेकोले यस्तो स्थिति आएको हो। तर यदि परमार्थभावले आफ्नो क्रियाकर्म परिचालन गर्ने हो भने आत्मिक तत्व र यसको महिमालाई बुझ्नै पर्दछ। जीवले आत्मिक तत्वतर्फ अभिमुख भएर क्रिया प्रारम्भ गरेमा उसले देह तर्फ विल्कुलै अभिमुखता नराखी आफूलाई सृजन गर्ने परमात्मभावमा नै पूर्ण रूपले केन्द्रित हुन थाल्दछ। भौतिक जगत् वा त्यहाँबाट प्राप्त हुन सक्ने उपलब्धिप्रति उसमा किञ्चित पनि अभिलाषा हुँदैन। उसको सम्पूर्ण क्रियाकर्म आत्मिकभावमा नै केन्द्रित भएर परिचालित रहने भएकोले उसको सम्पूर्ण क्रियाकलाप सात्विक गुणको ऊर्ध्व शिखरतिर प्रवाहित भइरहेको हुन्छ। तर जीवले यो काम तबमात्र गर्न सक्छ जब उसले आफ्नो अन्तःकरण रूपी अवयवहरूलाई (मन, बुद्धि, चित्त रं मकार) आत्मिक भावमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केन्द्रित गर्दछ। यसरी तमो र रजोगुणको प्रभावबाट मुक्त भई सत्वगुणमा प्रवेश भएपछि ऊ स्वतः अखण्ड शान्ति सहित परमानन्दको स्थितिमा प्रवेश गर्दछ र धार्मिक क्रियालाई सार्थकता प्रदान गर्न पूर्णरूपले समर्थवान् हुन्छ।

हामीले कतै माथि परमात्माबाटै जीवले संसारमा क्रिया गर्ने शक्ति प्राप्त गर्दछ भन्ने कुरा उल्लेख गरेका थियौं। अब बुझ्नु पर्छ त्यस्तो शक्ति जीवले कसरी प्राप्त गर्दछ र यस्तो शक्तिको स्वरूपको निरूपण कसरी हुन्छ ?

सर्वप्रथम हामीले बुझ्नै पर्ने कुरा जीवको आन्तरिक लक्षणहरू हुन् जस तर्फ हामीले गम्भीर भएर यसको महत्वलाई बुझ्नुपर्छ, जुन अति नै कठिन छ। जीव निराकार त अवश्य छ तर यसले कर्ताको स्थितिमा रहेर संसारमा कर्म पनि गर्नुपरेको छ। परमात्माको पाँच तत्वहरूलाई अंशको रूपमा प्राप्त गरेर नै जीवको सृजना हुन गएको भन्ने कुरा पनि माथि उल्लेख गरिसक्यौं। परमात्माले आफूमा निहित पाँच विशिष्ट अंशहरू जस्तै निराकारित, अजर-अमरता, प्रेमभाव, चेतना र शक्ति त दिइसकेकै छन्। तर परमात्माको शक्ति कहाँबाट कसरी प्राप्त हुन्छ र जीवबाट हुने क्रियाको लाक्षणिक स्वभावमा यसले कसरी प्रभावपार्छ भन्ने कुरा पनि बुझ्नु परेको छ। जीवमा परमात्माबाट प्राप्त हुने शक्तिको बिम्ब जीवकै अवयवहरू मार्फत प्राप्त भइरहेको हुन्छ। जीवका अवयव हुन् "मन, बुद्धि, चित्त र मकार"। हामीले यी अवयवहरूलाई अन्तःकरण भन्ने गरेका छौं। वास्तवमा अन्तःकरण नै जीवको पर्यायवाची शब्द पनि हो। परमात्माबाट प्राप्त हुने शक्तिको प्रभाव अन्तःकरणमा

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection.

पर्दछ। तर त्यो शक्ति प्राप्त भएको बेलामा जीवको अवयव कुन स्थितिमा रहेको छ त्यही स्थिति नै बलवान् हुन्छ। दृष्टान्तको लागि त्यो शक्ति मनमा प्राप्त हुँदा मन सत्व, रज र तम कुन गुणमा विचरण गरिहेको छ त्यही गुण बलशाली हुन्छ। रजमा रमाइरहेको छ भने रजो गुण, तममा रमाइ रहेको छ भने तमोगुण र सत्वमा रमाई रहेको छ भने सत्व गुण बलवान हुन्छ। त्यस्तै यो शक्ति बुद्धिमा परेको छ भने बुद्धि त बलवान हुन्छ नै तर कुन बुद्धि ? तामसी बुद्धि, राजसी बुद्धि की सात्विक बुद्धि ? परमात्माको त्यो शक्ति पुञ्ज मकारमा परेको छ भने 'म' त बलशाली हुन्छ नै। तर कुन 'म' ? तामसी की राजसी कि सात्विक ? यसको निरूपण अन्तःकरण कुन स्थितिमा छ त्यो स्थितिले निरूपण गर्ने कुरा हो। परमात्मा त तटस्थ छ, ऊ कृपालु छ, उसको क्रियाको ओज जीवमा सदा अविरल रूपले प्रवाहित त भइरहेकै हुन्छ। तर यो शक्तिलाई ग्रहण गर्दा ग्रहण गर्ने जीवको अवयव कुन गुणात्मक स्थितिमा छ त्यही बलवान हुन्छ भन्ने कुरा हामीले बुझ्नु पर्दछ। जीवका सम्पूर्ण क्रियाकलापहरू आत्मिक केन्द्रमा स्थापित गराउने क्रिया नै धर्म हो भन्ने कुरा हामीले बुझ्नु पर्दछ। जीवले आत्मिक तत्वलाई बुझ्न उसमा जुन शुद्धताको आवश्यकता छ त्यसको लागि उसले रज र तमलाई कमजोर पार्दै, परित्याग गर्दै सत्वगुणबाट आफूलाई आभूषित गर्नैपर्छ। परमार्थभावले पूर्णता पाएको सत्वगुणमा हामीले आफ्नो अभिमुखतापूर्ण क्रियालाई केन्द्रित गर्न सक्यौं भने परमात्माबाट प्राप्त शक्तिका महत्वपूर्ण ऊर्जा आफैंमा केन्द्रित गरिराख्न सक्छौं। यही क्रियाले नै धर्मलाई सार्थकता पनि प्रदान गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्मका पादहरू

यथार्थ अर्थमा धर्म जीवले आफूलाई परमार्थ भावमा केन्द्रित राखी गरिने क्रिया हो भन्ने बारेमा त हामीले माथि विविध भावबाट व्यक्त गरिसकेका छौं। यस्तो धर्मको जम्मा तीन पाद हुन्छन्। पहिलो पादले धर्मलाई सकारात्मक बिन्दुमा स्थापित गराउँछ। दोस्रो पादले धर्मलाई सशक्त रूपले परिचालन गराउँदै धार्मिक संस्कारलाई सुदृढ बनाउँछ र तेस्रो पादले धार्मिक संस्कारलाई परिपूर्णतामा पुऱ्याई फल रूपी मार्गलाई दृष्टिगोचर गराउँछ जुन मार्गले जीवलाई परमात्मासित पूर्ण रूपमा एकाकार गराई मुक्तिको सर्वोच्च शिखरमा प्रवेश गराउँछ।

धर्मको प्रथम पादमा प्रवेश पाउन अत्यन्त कठिन प्रयाश र चेतनाको आवश्यकता पर्छ। कस्तो प्रयाश र कस्तो चेतना ? यसबारे पनि गम्भीर चिन्तन र चिन्तनपछि प्राप्त ज्ञानको अनुनयन गर्नमा सुदृढ पौरखताको आवश्यकता पर्दछ। हामीले माथि नै उल्लेख गरिसकेका छौं - जीव परमात्माकै अंश हो। आफ्नो आंशीको रूपमा जीवको सृजना गर्दा चेतनाको सर्वोच्च केन्द्रबिन्दुमा रहेको परमात्माले आफूबाट सृजित जीवलाई पनि चेतनाको केही मात्रा अंशको रूपमा प्रदान गरिएको तथ्य त हामीले माथि पनि उल्लेख गरिसक्यौं। परमात्माबाट प्राप्त भएको यस चेतनाको पनि दुई पाटा हुन्छन्। एक पाटा हो ज्ञान र अर्को पाटा हो अज्ञान । जीवले आफूलाई दैविक या भनौं आध्यात्मिक जीवको रूपमा स्थापित गऱ्यो भने उसको प्रत्येक क्रियाकलापले ज्ञानको अनुशरण गरिरहेको हुन्छ भने उसले आफूलाई दैविक भावमा राखेको छ, यस अवस्थाको परिधिमा

CC-0. Nepal Sanskrit University. Kathmandu Collection.

जकडिएको हुन्छ । कुन भावमा रहेर क्रियाशील रहने भन्ने कुरा उसमा रहेको ज्ञान या अज्ञानमा भर पर्दछ । जीवन परमात्माको अंशबाट अमरत्व समेत प्राप्त गरी सृजित भएको भएता पनि ऊ सगुण स्वभावको पनि भएकोले र यही स्वभावले गर्दा उसमा अनेकौं संकल्प-विकल्प पनि उठिरहने हुन्छ र यस्तै संकल्प-विकल्पले उसलाई अनेकौं क्रियाहरू गर्न प्रेरित पनि गरिहेको हुन्छ । क्रिया गराउनु प्रेरणाको स्वभाव पनि भएकोले जीव दैहिक भावमा प्रवेश भएको छ भने अज्ञानताले उसलाई दरिलोसित परिवेष्ठित गर्ने र परमात्माभावमा प्रवेश गऱ्यो भने ज्ञानमार्गमा गतिशील रहन सक्ने हुन्छ ।

जीवलाई आत्मिकभावतर्फ स्थित रहन गतिरोध गर्ने अर्को तगारो जीवले क्रिया गर्दा उपयोग गर्नैपर्ने देहरूपी उपकरणको स्थितिले पनि हो भन्ने कुरा पनि हामीले बुझ्नुपर्दछ । जीवले जुनसुकै र जस्तो सुकै काम गर्दा पनि उसले उपकरणको रूपमा प्राप्त देहको परिचालन गर्नैपर्ने हुन्छ । साकार देहको परिचालन विना निराकार जीवले यो भौतिक जगतमा केही गर्न सक्दैन । देह जड तत्व भएता पनि उसबाट नै संपूर्ण क्रिया परिचालन गर्नुपर्ने भएकोले सरलता र सुगमताका साथ जीवले आफूमा नै देहभाव आरोपण गर्न थाल्दछ । जीव सगुण तत्व पनि भएकोले देहसित हुन गएको संसर्ग र यस संसर्गबाट सृजित नकारात्मक संस्कारको कारण उसमा आएका अशुद्धीको कारण अर्थात् उसको चेतनामा अज्ञानताले प्रवेश गरेपछि उसको आफ्नो सृजक परमात्मतत्वलाई नै बिर्साउन खोजेको र क्रमशः आत्मिकतत्वमा आफूलाई आरोपण गर्न असमर्थ बनाएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी जीव दैहिकभावमा जकडिनुको मतलव जडतत्वको रूपमा रहेको पदार्थतर्फ झुक्नु, देहतत्वबाटै प्राप्त संपदातर्फ आर्कषित हुन तथा यस्तो संपदाहरूको प्राप्तितर्फ प्रयत्नशील रहनु हो । यसरी भौतिक पदार्थ तर्फको आकर्षणले गर्दा स्वतः नै रज र तमको गुणको सीमाभित्र बन्धित हुन पुग्दछ ।

जुन सरलतासाथ जीवले आफूमा नै दैहिकभाव आरोपण गर्न सक्छ त्यही सरलताका साथ आत्मिकभावमा आफूलाई आरोपण गराउन सक्दैन । आत्मिक तत्वमा आफूलाई आरोपित स्थितिमा राख्न उसमा ठूलो संकल्प शक्तिको आवश्यकता पर्दछ र तीन तत्वहरूलाई उसले गम्भीरता साथ आफ्नो सोचमा सदा अविचलित रूपले राख्नु पर्दछ । पहिलो हो परमात्मा नै मेरो सृजक हो भन्ने भाव । यो विश्व ब्रह्माण्डमा दुई तत्वहरू मात्र अजर, अमर र चेतनशील छन् । एक हुन परमात्मा तत्व र अर्को हो जीवतत्व । परमात्मा सर्वोच्च चेतनतत्व हुन् भने जीव उनै सर्वोच्च चेतन तत्वबाट प्राप्त आंशिक चेतन तत्वबाट अलंकृत तत्व हो । अन्य जतिपनि तत्वहरू छन् सबै जड समूहहरू मात्र हुन् भन्ने कुरा आंशिक चेतना पाएको जीवले बुझ्नै पर्दछ र ऊ चेतनाको सर्वोतकृष्ट मुहानको रूपमा रहेको परमात्माप्रति हरेक प्रकारले सान्निध्यमा आउने प्रयाश गर्नै पर्दछ । दोस्रो महत्वपूर्ण प्रयाश देहतत्वसितको आफ्नो संसर्गको स्वरूप जीवले बुझ्नै पर्दछ । देहतत्व निजीव तत्व हो । यो कुनै अवस्थामा पनि जीवतत्वको समकक्षमा आउनै सक्दैन । यो त केवल उपकरणसम्म मात्र हो र जीवले गर्ने क्रियाकलापमा उपयोगमा आउने औजारसम्म मात्र हो । यति कुरा जीवले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुझ्नेमा जीवमा देहभावको आरोपण नै हुनसक्दैन र ऊ सरलताकासाथ आत्मिक तत्वसित सान्निध्यता स्थापना गर्नमा पूर्णरूपले सक्षम रहन सक्दछ। आत्मिकतत्वसित हुनसकेको यस सान्निध्यले नै जीवलाई परमार्थ भावमा सरलता साथ स्थापित गराउँछ ।

धर्मका पादहरू

यसरी परमात्मभावमा स्थापित गराउने प्रारम्भिक प्रयाशलाई नै धर्मको पहिलो पाद भनी हामीले उल्लेख गरेका छौं। एक पटक परमात्मभावमा प्रवेश भएपछि जीवको परम उद्देश्य यस भाव विस्मृतिमा आउन नसक्ने प्रायशमा आफ्नो चेतनालाई अझ ऊर्ध्वगतिमा परिचालित गराउनुमा नै केन्द्रित रहेको हुन्छ भने उसमा देहबाट गरिने क्रियाकलापमा कुनै फलको आभिलाषा निहित रहेको हुन्न। फलासक्तरहित क्रियाले गर्दा ऊ तम र रजो गुणबाट विलकुलै मुक्त रहन सक्छ। तम र रजो गुणबाट मुक्त रहुनु भन्नु नै सत्व गुणको परिवेशमा पुग्नु हो।

यो प्रथम पादमा प्रवेश गर्नु अत्यन्त कठिन क्रिया हो भने यसमा निरन्तरता दिन सक्नु अत्यन्त कठिन अभ्यास र अडिग संकल्पको आवश्यकता पर्दछ। निश्चल र अविरल संकल्प र प्रयाशबाट मात्र यो प्रथम पादमा स्थिर रहन सकिन्छ भन्ने कुरा हामीले बुझ्नु पर्दछ ।

यस पादमा गरिने क्रियाले पूर्णता पाएपछि मात्र हामी धर्मको दोस्रो पादमा प्रवेश पाउन सक्छौं। यो दोस्रो पाद अति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्वको छ तापनि प्रथम पादजस्तो जटिल र कठिन छैन। प्रथम पादको सफलताले नै हामीलाई सरलता साथ यो पादमा प्रवेश गराउँदछ। प्राज्ञिक ज्ञानको प्रज्ज्वलित ज्योतिबाट अलंकृत भई अखण्ड शान्ति सहित परमानन्दको स्थितिमा अवस्थित रहने स्थिति यो दोस्रो पादले प्रस्तुत गराउँदछ । श्री रमण महर्षी, त्रिवेणी पुरी महाराज, खप्तड स्वामी तथा श्री श्याम चैतन्य बाबा यस्ता स्थितिमा पुगेका मनीषीहरूका केही दृष्टान्त हुन् भन्ने आफूबाट ठानिएको छ ।

यस स्थितिमा रही परिपाक भैसकेपछि जीव तेस्रो र अन्तिम पादमा प्रवेश गर्दछ। यस तेस्रो पादमा भएको प्रवेशले जीवलाई उसले अन्तिम पटक अनुशरण गर्नुपर्ने 'मार्ग' को चित्र प्रस्तुत गरेको हुन्छ र यसै मार्गको अनुशरण गर्दै परमात्माले आफ्नो अंशको रूपमा सृजना गरेको जीव स्वयम् परमात्मामा नै समाहित हुन गई परमात्मामा नै विलीन भई एकाकारमा परिणत हुन पुग्दछ ।

यस्तो 'मार्ग' तीन प्रकारका हुन्छन्: ज्ञान मार्ग, भक्ति मार्ग र कर्म या सेवा मार्ग। यी सबै मार्गको गन्तव्य बिन्दु एउटै हो- परमात्मासित एकाकारमा परिणत हुनु। तर यी मार्ग जीवको आफ्नो छनोटबाट आउँने वा छानिने कुरा चाहिँ होइन्। यो त प्रदत्त प्रतिफल हो। हामीलाई थाहा छ क्रियाकर्मले संस्कारको निर्माण गर्दछ र यही संस्कारले पछि फल प्राप्त गराउँछ। हामीले बुझ्नु पर्दछ- दैहिकभावमा रहेको जीवले आफूबाट भएको क्रियाको फल तत्काल खोज्ने गर्दछ। परन्तु परमात्मभावमा रहेको जीवमा फलका आकांक्षा नै रहँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उसको एक मात्र आकांक्षा परमात्मभाव विस्मृतिमा नजाओस् भन्ने मात्र हो । तर जेजस्तो भएतापनि परमात्मभावमा दृढता साथ रहँदा रहँदै पनि अनायास नै पनि उसले अवलम्बन गरेको भावले एक निश्चित संस्कारको निर्माण त गरिरहेकै हुन्छ र यही संस्कार परिपाक भएपछि यसले फल त प्रदान गरिनै हाल्दछ 'मार्ग' को प्रस्तुति यही संस्कारबाट प्राप्त फल हो भन्ने हामीले ठानेका छौं ।

मार्गको खोजी या चयन आफूबाट हुन सक्दैन भन्ने कुरा पनि हामीले बुझ्नु परेको छ । मार्गको चयन परमात्मभावमा स्थित रहेको जीवले गर्दैगर्दैन । यो त स्वतः उसको धार्मिक प्रवृत्तिको संस्कारको परिणतिबाट प्राप्त हुने ज्योत्स्ना हो र यही ज्योत्स्नालाई नै एक अर्थमा हामीले 'मार्ग' भन्ने गरेका हौं ।

अब जिज्ञासा उत्पन्न हुन्छ त्यो धार्मिक प्रवृत्तिको लक्षण के हो जसबाट उत्पन्न संस्कारको परिणतिले निश्चित प्रकारको 'मार्ग' को प्रस्तुति गर्दछ । 'मार्ग' तीन प्रकारका हुन्छन् भन्ने कुरा त हामीले माथि नै व्यक्त गरिसकेका छौं । विभिन्न साधकहरूमा विभिन्न 'मार्ग' प्रस्तुत हुने भएकोले मार्गमा हुने यो विभिन्नता साधकमा विकसित हुँदै आएको प्रवृत्ति कै कारणले गर्दा हुने भएकोले प्रवृत्तिबारे पनि केही खोजपूर्ण जिज्ञासा राख्नु आवश्यक छ ।

परमात्माले जीवको सृजना गर्दा त्यो सृजित जीवमा प्रेमभावको केही अंश पनि प्रदान गरिएको थियो भन्ने कुरा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले माथि पनि उल्लेख गरिसकेका छौं । प्रेमलाई हामीले यहाँ स्नेह, संरक्षण, सेवा र सत्कार वाचक रूपमा प्रस्तुत गरेका छौं । दैहिकभावमा जकडिएको जीवको प्रेमभाव नश्वर पदार्थ तर्फ मात्र सीमित रहेको हुन्छ भने परमात्मभावमा प्रवेश गरेको जीवले प्रेमलाई व्यापक अर्थमा लिएको हुन्छ । प्रेम क्रिया वाचक शब्द पनि भएको र क्रियाको परिवेशमा मात्र प्रेमले सार्थकता पाउँछ भन्ने कुरा पनि हामीले बुझ्नुपर्छ ।

आध्यामिक परिवेशमा रहेर चिन्तन गर्ने हो भने प्रेमले प्रमुख रूपले तीन क्षेत्रलाई समेटेको हुन्छ । ती हुन्- ज्ञानको क्षेत्र, भक्तिको क्षेत्र र सेवा कर्मको क्षेत्र । ज्ञानमा पूर्ण श्रद्धा, भक्तिमा तन्मयता र सेवामा समर्पणको प्रतिवद्धताले पनि एक अर्थमा त्यही प्रेमलाई नै बुझाएको हुन्छ ।

जब जीव परमार्थभावमा अटल स्थितिमा रहन जान्छ अनि उसबाट हुने संपूर्ण क्रियाकला तथा व्यवहारहरू सत्वगुणले परिपोषित भई चलायमान रहन्छ । जीवको व्यवहार जीवसितै हुन्छ । जडसित हुँदैन । जड त उपकरणमात्र रहेकोले आवश्यकता अनुसार यसको प्रयोग जीवले गर्ने मात्र हो । अतः जब एक जीवले अरू जीवसित व्यवहार गर्दछ तब उसले ज्ञान, भक्ति या सेवा भावबाटै व्यवहार चलिरहेको हुन्छ । धर्मको पहिलो र दोस्रो पादको पूर्णतापछि यिनै भावको कारण निर्माण हुँदै आएको संस्कारले तेस्रो पादको प्रस्तुति गर्दछ । जीवले अरू जीवसित व्यवहार गर्दा विशेषत कुन क्षेत्रमा रहेर बढी व्यवहार गरिआएको छ त्यही क्षेत्र नै तेस्रो पादको प्रवेशको क्रममा मार्गको रूपमा प्रस्तुत हुन आउँदछ । प्रस्तुत त हुन्छ तर कसरी ? यसबारे पनि छोटो चर्चाको आवश्यकता छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीव निराकार मात्र होइन अजर र अमर पनि छ भन्ने कुरा त हामीले बुझिसकेका छौँ । देह जीवको परिधान हो, यो जीवले क्रिया गर्दा उपयोगमा ल्याउने उपकारण मात्र हो । देहको जन्म हुन्छ, बढ्छ, क्रमिक रूपले यसमा विकृति आउँछ र अन्त्यमा यसको अवसान पनि हुन्छ । तैपनि अमर जीवलाई देहको अवसानले कुनै प्रभाव पार्दैन तापनि सगुण जीवलाई उपकरणरूपी जीवको अनिवार्यता भने रहिनै रहन्छ । विभिन्न समयावधिमा देहको अन्त्य भइरहने भएकोले अमरत्व प्राप्त जीवलाई पुनः नयाँनयाँ देहको आवश्यकता भइरहेको हुन्छ । पुरानो देहको अन्त्य भएपछि जब जीवले नयाँ देह प्राप्त गर्नुपर्ने स्थिति आउँछ तब जीवले माताको गर्भमा प्रवेश गर्नैपर्छ किन भने नयाँ देहको निर्माण गर्भबाटै प्रारम्भ हुन्छ । जीव देह प्राप्तिको लागि गर्भावस्थामा रहँदाकै स्थितिमा परमात्मभावमा रही धार्मिक क्रियाको प्रथम तथा द्वितीय पादबाट आर्जन भएको संस्कार पनि परिपाक भैसकोले उसबाट प्राप्त हुने फल 'मार्ग'को रूपमा जीवमा प्रत्यारोपण पनि भइसकेको हुन्छ भन्ने हामी ठान्दछौँ । केही जीवमा देहको जन्मेकै समयमा नै प्रत्यारोपित मार्गको बीज पनि प्रस्फुटित भैसकेको हुन्छ भने केहीमा भने जन्मोपरान्त केही समयपछि हुने गर्दछ ।

यी तीन मार्गको कथनबारे धेरैको प्रतिवाद पनि हुन सक्छ, धेरै तर्क वितर्क पनि उठ्न सक्लान् । यस्ता प्रतिवाद र तर्क वितर्कको चक्रव्यूहमा नफसेर हामी हाम्रो प्रस्तुतिको पुष्टि प्राप्त दृष्टान्तबाट दुई समूहमा विभाजन गरेर प्रस्तुत गर्दैछौँ । पहिलो समूहमा हामी यस्ता महान मनीषीहरूलाई प्रस्तुत गर्ने छौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसलाई परमात्माले उसले कुन मार्ग अवलम्बन गर्नु पर्ने त्यो गर्भावस्थामा रहदाँ नै बीजारोपण गरिदिइसकेको हुन्छ र उसको जन्म हुनु अगाडि नै त्यो बीज पूर्णरूपले विकसित भई प्रष्फुटित पनि भइसकेको हुन्छ। शिशुअवस्थादेखि नै तिनीहरूले आफूबाट अलम्बन गरिने 'मार्ग' को स्वरूप को सांकेतिक लक्षण पनि देखाउँदै आएका हुन्छन् र यस्ता मनीषीहरूको दृष्टान्त यहाँ संक्षेपमा प्रस्तुत गरिन्छ ।

पहिलो दृष्टान्तको रूपमा प्रह्लादलाई प्रस्तुत गर्दैछौं । प्रह्लादको जन्म दानव कुलमा भएको थियो । उनका पिताजी दानवराज हिरण्यकश्यपु सहित सबै बन्धुबान्धव ईश्वर तथा परमात्माका कट्टर विरोधी थिए र परमात्माको नामसम्म पनि सुन्न चाहँदैनथे । तर आश्चर्य प्रह्लाद भने शैशव कालदेखि नै परमेश्वरको परमभक्त थिए । शुरू शुरूमा त प्रह्लादका बाबु हिरण्यकश्यपुले अत्यन्त प्रेमका साथ प्रह्लादलाई आफ्नै निगरानीमा राखी उनमा विकास हुँदै जानथालेको ईश्वर भक्तिप्रतिको भाव हटाएर दानवीय संस्कृतितर्फ अभिमुख गराउन निकै प्रयत्न गरेका हुन् । आफूबाट गरिएको प्रयाश सफल नभएपछि उनले दानवीय शिक्षाको लागि स्थापित गुरुकुलमा पठाइ प्रह्लादमा विकास हुँदै आएको ईश्वरीय भावलाई समाप्त गर्न/गराउन शिक्षकलाई कडा निर्देशन समेत दिए । तर भयो उल्टो । गुरुकुलमा पुगेपछि त झन् उन्मत्त भई प्रह्लादले अरू दानव छात्रहरूको समूहलाई समेत परमात्माको भक्तिभावमा लीन गराउन थाले । प्रह्लादको यस्तो क्रियाकलाप बढ्दै गएपछि यसले दानवीय संस्कृतिलाई समाप्त गर्ने आशङ्का देखेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हिरण्यकश्यपु अत्यन्त क्रुद्ध भएर आफ्नै पुत्रलाई समेत मार्ने विविध क्रियाकलापमा संलग्न भए । प्रह्लादलाई भने मृत्युको किंचित पनि भय थिएन । सानै भएपनि उनले बुझेका थिए- जीव अमर छ । नाशवान् त देहमात्र हो । आफ्नो देहलाई समाप्त गर्न आफ्नै पिताजीले अख्तियार गरेको विभिन्न कठोर प्रयत्नलाई सहँदै गए । कडा दण्डलाई सहँदै जाँदा पनि उनलाई किञ्चित पनि दुःख या अप्ठेरो परेन । बरु यसै क्रममा पिता हिरण्यकश्यपुको नै देहान्त भयो । प्रह्लाद भने आजसम्म पनि आध्यात्मिक जगत्मा भक्त शिरोमणिको उपाधिले आभूषित भइरहेका छन् ।

अर्को दृष्टान्त श्री शंकराचार्यको जीवनीबाट प्राप्त हुन्छ । उनमा पनि गर्भावस्थामा नै ज्ञानमार्गमा प्रवृत्त हुनु पर्ने फलको विजारोपण भइसकेको र जन्मपूर्व नै फलको अंकुर प्रस्फुरण पनि भइसकेको आभास पाउन सकिन्छ । शैशवकालदेखि नै ज्ञानको दिप्त ज्योतिले यिनी आभूषित भइसकेका थिए र ६ वर्षको उमेरमा पुग्दा नपुग्दै उनले एउटा काव्यको रचना पनि गरिसेकेका थिए ।

किशोरावस्थामा पुग्दा नपुग्दै यिनले संन्यास दीक्षा लिने आफ्नो मनसाय आमालाई सुनाउँदा शुरूमा आमाले अनुमति दिनु भएन । तर पछि उहाँले आमालाई चित्त बुझाएपछि आमाकै स्वीकृतिमा संन्यास दीक्षा लिनुभएको थियो ।

३२ वर्षको कलिलो उमेरमा नै देहान्त भएका श्री शंकराचार्य ज्ञानमार्गका विशिष्ट पथिक हुनुहुन्थ्यो । यति छोटो उमेरमा नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उहाँको सनातन धर्म शास्त्रसित सम्बन्धित अनेकौं ग्रन्थको भाष्य सरल भाषामा तयार गरी हामीलाई प्राप्त गराउनु भएको थियो । तीमध्ये पनि अति महत्वपूर्ण भाष्य ग्रन्थ हुन्- उपनिषद, ब्रह्मसूत्र तथा भगवत्गीता । अन्य अति महत्वपूर्ण कृतिहरू हुन्- विवेक चुडामणि, तत्वबोध, वैराग्य पञ्चक, वाक्यसुधा, सर्ववेदान्तसिद्धान्त आदिआदि । सनातन धर्मको विस्तार कार्यको कठिन यात्रामा आफूलाई पूर्णरूपले समर्पित श्री शंकाराचार्यले सनातन धर्म अन्तर्गतको ज्ञानको दिप्त प्रकाशलाई अरू बढी तेज पुञ्जले आलोकित पार्न विशाल भारतको विभिन्न स्थानहरूमा विविध योग पीठको पनि स्थापना गर्नु भएको थियो जो आजसम्म पनि प्रभावशाली रूपले क्रियाशील रहँदै आइरहेका छन् ।

मीराबाई अर्को महत्वपूर्ण दृष्टान्त हुन् । भक्तिमार्गमा प्रवृत्त रहन गर्भावस्थामा नै बीजारोपण भैसकेको यिनी भक्त शिरोमणिको रूपमा प्रख्यात छिन् । यिनमा पनि भक्तिमार्ग तर्फको जुन फलको बीजारोपण भएको थियो त्यो जन्म हुनुभन्दा अगाडि नै प्रस्फुरण भइसकेको तथ्य बालक कालदेखि नै अविरल परमात्माको भजन कीर्तन सहितको भक्तिरसमा रमाउने गरेकी उनको क्रियाकलापले देखाउँछ । विवाहपूर्व हजुरआमा सहित माता पिताको साथमा रहदाँ त यिनको भक्तिभावमय जीवन सुगम थियो । तर विवाहपछि भने त्यो भक्ति मार्ग त्याग्न यिनमा धेरै नै दवाब पर्न थाल्यो । परमात्माबाटै प्रत्यारोपण भएको त्यो मार्गबाट यिनी कसरी प्रतिगामित हुन सक्थिन र ? यो मार्ग परित्याग गर्न दिइएको दवाब निष्प्रयोजन भएपछि यिनको जीवन लीला नै समाप्त गर्ने प्रयाशसम्म पनि भए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विष पिलाएर यिनको हत्या गर्न खोजेको थाहा पाएपछि उनले त्यो प्याला सहर्ष हातमा लिएर हाँसी हाँसी पिइन् । न त त्यो विषले उनलाई मार्न सक्यो, न त त्यो हत्या गर्ने प्रयाशमा उनी झुकिन् । अझ झन् ओजपूर्ण ढंगले भक्तिरसमा डुबुल्किमार्दै गइन् र विश्वमा अनेकौ साधकहरूको प्रेरणाको स्रोतको रूपमा स्थापित भई अमरत्व प्राप्त गरिन् ।

अर्को अति महत्वपूर्ण दृष्टान्त माता ईश्वरम्माका गर्भबाट पुत्रको रूपमा जन्म लिएका श्री सत्यनारायण राजुको जीवनीले पनि प्रस्तुत गरेको छ । भनिन्छ यिनको जन्मको समयमा नै शुभ संकेतहरू देखापरेका थिए । वाल्यकाल लाडप्यारमा र मनोरञ्जक स्थितिमा नै बित्यो । शैशव अवस्था मित्रमण्डलीसित हुने खेलकुदमा यिनी अचम्म अचम्मका कारनामा गर्ने र मित्रमण्डलीहरूले इच्छा गरेर चाहेका कुराहरू आफ्नो संकल्प शक्तिबाट तत्काल उत्पन्न गराउन सक्थे भन्ने गरिन्छ । छोरा सत्यनारायण राजुका यस्ता कारनामाबाट चिन्तित अभिभावहरूले एकपटक तान्त्रिक समक्ष यिनलाई इलाजको निमित्त लगे । तान्त्रिकको अत्यन्त निर्मम, क्रुर र पीडादायक 'चिकित्सा' लाई यिनले कठिनतासाथ सहन त गरे तर केही समयपछि केवल १४ वर्षको कलिलो उमेरमा नै आफू 'साई' भएको र लोककल्याणको लागि अवतरित भएको उद्घोष गर्दै घर परिवार त्याग गरेर साधनामा बसे । यिनै पछि विश्व समुदाय माझ पुट्टपर्तिको साई बाबाको नामबाट विश्वविख्यात भए ।

साई बाबा अरू मनीषीहरूभन्दा एकदमै पृथक र बहुआयामिक व्यक्तित्वका थिए । सामान्यतया हामी महान

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

महर्षिहरू प्रमुख रूपले एक मार्गका मात्र अनुयायी भएको पाउँदछौं - जस्तो शंकराचार्य ज्ञानमार्गमा, प्रह्लाद र मीरावाइ भक्तिमार्गमा, भखरै देवत्व प्राप्त गरेकी मदर टेरेसा सेवा मार्गमा, तर साइ बाबा यी तीनवटै मार्गमा एक मुष्ट भएर प्रतिष्ठित भएको हामी पाउँदछौं। ज्ञान मार्ग र भक्ति मार्गमा अतुलनीय योगदान पुऱ्याएका साई बाबाका सेवा (कर्म) मार्गमा समेत प्रचुर योगदान भएको तथ्य आश्चर्यजनक छ। उनले असंख्य विद्यालय, स्कूल, कलेजको स्थापना गर्नु गराउनुको साथसाथै जनसाधारणमा स्वास्थ्य सेवा पऱ्याउन अनेकौं चिकित्सालयहरूको पनि व्यवस्था गरेका छन्। अनेकौं कठिन रोगीहरूको उपचारको लागि अन्यत्र अत्यन्त महंगो हुने शल्य चिकित्साहरूको लागि उनले आफैंले त्यस्ता चिकित्सालयहरू स्थापन गरी निःशुल्क सेवा दिने व्यवस्था पनि मिलाएका छन्। किड्नी, मस्तिष्क र हृदयरोग जस्तो कठिन र संवेदशील रोगको निम्ति निःशुल्क सेवा उपलब्ध गराउने व्यवस्था गर्न विश्वभरका सबै जसो राष्ट्रहरूमा आव्हान पनि गरेका थिए।

विभिन्न सन्त समाजहरूले सेवाको क्षेत्रमा अनेकौं महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। तर आजसम्म देखिएका यस्ता महत्वपूर्ण सेवासम्बन्धी संस्थाहरूमा श्री सत्य साई बाबाले पुऱ्याएको योगदान नै शीर्षस्थ स्थानमा प्रतिष्ठित भएको कुरा भने हामीले स्वीकार गर्नै पर्छ ।

हामीले माथि केही यस्ता मनीषीहरूको उदाहरण प्रस्तुत गऱ्यौं जसमा परमात्माले उनीहरूले अवलम्बन गर्नु पर्ने 'फल'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई मार्गको रूपमा गर्भावस्थामा नै प्रत्यारोपण गरेको मात्र होइन जन्म हुनुभन्दा अगाडि नै 'फल' रूपी बीजको प्रस्फुटन पनि भइसकेको थियो । यस्ता मनीषीहरूलाई 'मार्ग' को अवलम्बन गर्न कुनै कठिनाइ पनि परेन कसैले तगारोको रूपमा तेर्साएको व्यवधानबाट विचलित पार्न पनि सकेन । भक्त शिरोमणी प्रह्लादलाई भक्तिमार्गमा अविचल रहेर स्थिर रहन उनको पिताबाट विरोध त भयो, तर विरोध गर्ने पिता आफैँ विचलित भए, प्रह्लादलाई कुनै असर परेन । उनी भक्ति मार्गमा नै अडिग रहे । श्री शंकराचार्यलाई शुरूमा उनको माताले संन्यास लिन रोक्न खोजेता पनि माताजीलाई राम्ररी चित्त बुझाएर दीक्षा लिन शंकराचार्यलाई कुनै अड्चन आएन । भक्त मीराबाईको भक्तिभावबाट उनको घरपरिवारमा विरोधको लहर चल्यो तर मीराबाईलाई भक्तिभावमा अविरल प्रवाहित रहन कुनै कष्टकर अनुभव भएन । गर्भावस्थामा नै 'मार्ग' रूपी फलको बीजारोपण भैसकेको र जन्मनुभन्दा अगाडि नै त्यसको फलको प्रस्फुरण भईसेकेको यस्ता मनीषीहरू सदा शान्त र सौम्य रूपमा नै अविरल क्रियाशील रहिरहन्छन्, उनीहरूको मनमा र क्रियाको स्वरूपता कुनै द्विविधा या अड्चनको स्थिति रहँदैन । जन्मोपरान्तदेखि नै कुनै कठिनाइको सामना उनीहरूले गर्नु नै परेन । तर अन्य केही मनीषीहरूको जीवनक्रिया भने यस्तै किसिमबाट प्रवाहित भइरहेको हुँदैन । खास गरेर यस्ता मनीषीहरूको, जसमा 'मार्ग' रूपी फलको प्रत्यारोपण त गर्भावस्थाको स्थितिमा नै भई सकेको हुन्छ तर त्यसको प्रस्फुरण जन्म हुन भन्दा अगाडि नभएर जन्मोपरान्त लामो अन्तरालपछि मात्र हुन्छ । प्रत्यारोपित 'फल'ले आफ्नो क्रिया त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिहेकै हुन्छ, उनीहरूको व्यक्तित्व, व्यवहार, कार्यशैली पनि उच्चकोटीको नै हुन्छ, उसको सम्पर्कमा आउने सबै उसको गरिमामय व्यक्तित्व र सत्यनिष्ठ प्रतिको उसको चालचलन तथा ओजस्वी व्यवहार र क्रियाशीलताबाट प्रभावित भइरहेका हुन्छन् । यस्तो व्यक्तित्वबाट भविष्यमा महान्कार्यका अपेक्षाको अनुभूति पनि सम्पर्कमा आउनेहरूले अनुमान गर्न सक्ने हुन्छन् । अन्य व्यक्तिहरू यस्ता मनीषीहरूलाई देख्दैमा उनीहरूको चाल, ढाल र व्यवहारबाट प्रवाहित त हुन्छन् नै तर यस्ता मनीषीहरू भने मानसिक रूपले अत्यन्त द्वन्द्वात्मक स्थितिमा रहेका हुन्छन् । प्रत्यारोपित बीजले आफूबाट हुने क्रिया आफ्नै पाराले भित्रभित्र गरिरहेको हुन्छ । तर भित्र के हुँदैछ, आफूले के गर्ने, के प्राप्त गर्नुछ, कसरी गर्ने र कुन कुराको अभिलाषा राख्ने यिनै कुराले उसको अन्तर्मनमा द्वन्द्व र अशान्ति पैदा गराइरहेको हुन्छ । यस्तो स्थिति रहनुको मूल कारण त्यही बीजारोपित फल हो, प्रस्फुटन भई नसक्ताको अवस्था हो, प्रसव पीडाको स्थिति जस्तै हो । जन्म अगाडि नै त्यो आरोपित मार्गरूपी फलको प्रस्फुरण नहुँदा प्रस्फुरणपछि प्राप्त हुनुपर्ने स्थिति प्राप्त भइनसकेकोले उसलाई मानसिक पीडा भइरहेको हुन्छ । आफूले पाउनु पर्ने कुरा नपाउँदा, खोज्नु पर्ने कुरा खोज्न नसक्दाको अनौठो अवस्था यहाँ भोग्नुपर्ने हुन्छ ।

यस्ता मनीषीहरूको रूपमा हामी कपिलवस्तुका राजा शुद्धोधनका छोरा राजकुमार सिद्धार्थलाई दृष्टान्तको रूपमा प्रस्तुत गर्दछौं । उनले अवलम्बन गर्नु पर्ने 'मार्ग' 'फल' का रूपमा गर्भावस्थामा नै परमात्माबाट प्रत्यारोपण भैसकेको थियो तर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनी जन्म हुनु अगाडि नै त्यस फलको प्रस्फुरण भने भैसकेको थिएन । सिद्धार्थको व्यक्तित्वले देखाएको निखारता बीजारोपणको प्रभावको कारण थियो । तर उनमा छाएको अशान्ति 'प्रस्फुरण' भैइ नसकेको अवस्थाको सूचक थियो । पिता शुद्धोदनलाई आफ्नो पुत्र सिद्धार्थ दैविक सम्पदाले अलंकृत छ भन्ने अनुभूति भैसकेको थियो । तर पुत्र स्नेहले गर्दा उनी छोरालाई 'गुमाउन' चाहदैनथे । आफ्नो स्नेहमा आफ्नो अलौकिक पुत्रलाई सदा सर्वदा समेटेर राख्न चाहन्थे । यसैकारण पुत्रलाई बाहिरी प्रभाव नपरोस भनेर दरवारभित्र केन्द्रित गरेर राखेका थिए । छोराको मन भुलाउन प्राप्त सबै विलासिताका सामग्रीहरू उपलब्ध गराएका थिए र विवाह पनि छिटै गराएर पत्नी र पुत्रको स्नेहमा बाँधेर पुत्रलाई जकडेर राख्न चहन्थ्ये । तर परमात्माको लेखा अर्को थियो । आफ्ना पिताले निमार्ण गरेको दरवारको परिवेश जे जस्तो भएता पनि परमात्माबाट आरोपित बीजको असर समयको साथसाथै सुदृढ पनि हुँदै गैरहेको थियो । एकदिन अनायास सिद्धार्थले अत्यन्त वृद्ध पुरुष, रोगले जर्जरित व्यक्ति र मृत-लासलाई देखे । यो दृष्यले यिनको मानसिक स्थितिलाई अरू झकझकाई दियो । अन्ततः एकरात यिनी माता, पिता, पत्नी, पुत्र र राजकीय सुख र वैभव पूर्ण संपदाहरूलाई त्यागेर आफूले पाउनु पर्ने कुरा थाहा पाउन, खोजेको कुरा पाउन, मानसिक अशान्तिलाई हटाउन अन्यमनस्कतालाई समाप्त गर्न दरवार परित्याग गरेपछि उनको पहिलो मुकाम कुशिनगर थियो । उनले त्यहाँ रहँदा धेरै आध्यात्मिक ग्रन्थहरूको अध्ययन गरे, विभिन्न सद्गुरु तथा आचार्यहरूसित ज्ञानवर्द्धक संत्सग गरे । चिन्तन, मनन र निदिध्यासनमा पूर्णरूपले समर्पित रहे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परन्तु खोज्नुपर्ने कुराको पहिचान आएन, प्राप्त गर्नुपर्ने कुराको ज्ञान हुन सकेन । मानसिक पीडा उद्वेलित रूपमा बढ्दै आएपछि उनले कठोर अधिष्ठानमा बस्ने संकल्प गरी एक बोधिवृक्ष मुनि र विना हलचल, विना अन्न जल अखण्ड चिन्तनमा बसेर खोज्नुपर्ने कुराको पहिचान नहुन्जेल र पाउनुपर्ने कुरा नपाउन्जेल त्यस आसनबाट डेग नचल्ने संकल्प गरेर अनुष्ठान प्रारम्भ गरे । यही घोर अधिष्ठान कै अवस्थामा एक दिन अनायास नै गर्भावस्थामा बीजारोपित मार्ग रूपी फलको प्रस्फुरण भयो । अनि त स्वतः उनलाई बुझ्नु पर्ने कुराको ज्ञानमात्र भएन प्राप्त गर्न खोजेको कुराको पनि प्राप्ति भयो । उनले बुझ्न खोजेको कुरा परमानन्दको स्थिति थियो ।

त्यसपछि यिनीले प्राप्त ज्ञान सबैलाई बाढ्ने अभियानमा लागे र जीवन पर्यन्त यसै क्रियामा केन्द्रित रहे । आज विश्वमा यिनलाई शान्तिको अग्रदूतको रूपमा पहिचान गरिदैँ आएको छ । यिनको आदर्शको प्रभा विश्वभर प्रसारित भैरहेको छ तर पनि यसको महत्वपूर्ण प्रभावित क्षेत्र एशिया महदेशमा नै छ । यिनी आफ्नो माताको गर्भमा रहँदै प्रत्यारोपण भएको मार्ग रूपी फल प्रस्फुरण हुन जन्मोपरान्त ४० वर्षको अवस्थासम्म यिनले पर्खनु परेको थियो । आज यिनै सिद्धार्थ भगवान् बुद्धको नामबाट सुविख्यात रहेका छन् ।

दृष्टान्तको रूपमा प्रस्तुत गरिनु पर्ने अर्का महान मनीषी "नरेन्द्र" पनि हुन । फल प्रस्फुरण हुन अगाडि जस्तो किसिमको मानसिक स्थिति गौतम बुद्धको थियो त्यसै स्थिति यिनको पनि थियो । स्वभावले यस्ता महापुरूषहरू आफूबाट आफू खोजिहुन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

आध्यात्मक ग्रन्थहरूको अध्ययन, महापुरुषहरूसितको सत्संग तथा आफूभित्र नै आफूलाई केन्द्रभूत गराएर चिन्तन, मनन र निदिध्यासनमा अल्पिन खोज्छन्। तर जबसम्म मार्गरूपी फल प्रस्फुरण हुदैंन यिनीहरू खोजीको स्थितिमा नै रुमल्लिई रहन्छन्। नरेन्द्रमा यो प्रस्फुरणको क्रिया रामकृष्ण परमहंससित यिनको संगति भएको केही समय पछिमात्र भयो। जन्मोपरान्त भएको यस प्रस्फुरणको लागि यिनले २४ वर्ष पर्खनु परेको थियो। यिनै 'नरेन्द्र' पछि स्वामी विवेकानन्दको नामबाट विश्वभर परिचित रहन गए। पूर्वीय दर्शन खासगरी सनातन धर्मको दार्शनिक पक्षको प्रसारण विश्व समुदाय समक्ष समेत प्रवल रूपमा पुऱ्याउन यिनको विशिष्ठ योगदान रहेको छ।

हामीले माथि कतै उल्लेख गरिसकेका छौं - यो तेस्रो पाद धार्मिक जागरण र त्यस सम्बन्धी क्रियाको सर्वोच्च शिखरको अन्तिम बिन्दु हो। यही मार्गको अनुगमनबाट नै जीव परमात्मामा पूर्णरूपमा एकाकार भएर मुक्तिको अविचल सर्वोच्च स्थितिमा प्रवेश गर्दछ।

निष्कर्ष

अब निष्कर्षमा स्वधर्मकै बारेमा पुनः केही चर्चा गरौं। 'स्व' ले चेतनतत्वलाई औल्याएको हुन्छ भने धर्मले त्यस चेतनतत्वले प्राज्ञिक ज्ञानलाई आस्थाको केन्द्रमा स्थापित गरी अवलम्बन गर्ने क्रियालाई दर्शाउँछ। प्राज्ञिक ज्ञान भन्नाले हामीले जीवलाई आफूभैं निराकार स्थितिमा अजर-अमरता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रदान गरी चेतनशक्तिले परिपुष्ट गरी, प्रेमभावले पोषण गरेर स्वयं आफैंले सृजना गरेको अचर जगतमा क्रिया गर्न निर्देशन समेत गरेका परमात्मालाई नै इंगित गरेका छौं । जीवनले यस्ता परमात्मालाई आस्थाको केन्द्रबिन्दुमा अविस्मरणीय स्थितिमा राखी गरिने क्रियालाई नै यहाँ हामीले 'स्वधर्म' को नामबाट उद्घोष गरेका छौं । परन्तु यस्ता क्रियामा संलग्न हुन पनि चेतनशील जीवलाई सहज छैन । उसलाई धेरै संघर्ष गर्नुपर्ने हुन्छ । आफूमा रहेको पौरुषतालाई सशक्त रूपले जागृत गरिने प्रयाशका क्रममा देहान्तको अवस्था पनि प्राप्त हुन सक्छ तापनि यस्तो अवस्थालाई श्रेयकर नै ठान्नुपर्छ भन्ने शास्त्रीय बचन पनि छ । किनभने हामीलाई थाहा छ जीवन अमर छ, यो कसैबाट मारिने सृजना होइन । धर्ममा अडिग रहेमा कुनै संघर्षको स्थिति आयो भने त्यो संघर्षले देहलाई मात्र नष्ट गर्न सक्छ, जीवलाई होइन । एक देह नष्ट भएपछि पनि जीवले पुनः देह प्राप्त गरेर फेरि पनि स्वधर्मलाई निरन्तरता दिन सक्छ ।

ब्रह्माण्डमा केवल दुई तत्व मात्र छन् । एक चेतनतत्व र अर्को जडतत्व । 'स्व' चेतनतत्वको प्रतीक हो भने 'पर' जडतत्वको । जड अचेतनतत्व हो र यो तत्वबाट कुनै पनि क्रिया परिचालन हुन सक्दैन । 'धर्म' हामीले माथि उल्लेख गरेझैं चेतनतत्वबाट हुने क्रिया हो । स्वधर्मले चेतनतत्वबाट हुने क्रियाको बोध गराउँछ भने 'परधर्म' ले पनि जडतत्वको क्रिया भन्ने भाव दिन सक्नुपर्ने हो । तर जड तत्वबाट कुनै क्रिया सम्पादन हुनै नसक्ने भएकोले 'परधर्म' लाई कुन रूपमा बुझ्ने ? जिज्ञासा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाम्रा आध्यात्मिक ग्रन्थमा परधर्मको उल्लेख भएको र त्यो परधर्मको अनुनयनले जीवलाई भयावह स्थितिमा जकडाएर राख्छ भन्ने संकेत पनि दिइएकोले परधर्मलाई र यसले निर्माण गर्ने स्थितिलाई राम्ररी बुझ्नु परम आवश्यक छ ।

स्वधर्मको व्याख्या गर्दा हामीले "स्व" पछि धर्मको चर्चा गर्दै स्वधर्मलाई सजिलैसित बुझ्न सकेका थियौं । तर अब त्यही तरीकाले "पर" "धर्म" बुझ्न अप्ठेरो पर्छ । यहाँ हामीले पहिले "धर्म" (क्रिया) र पछि 'पर' (जड) लाई बुझ्नुपर्छ । धर्मलाई क्रियावाचक संज्ञामा बुझ्नु परेको छ र त्यस कर्ता (गर्ने व्यक्ति) चाहिँ जडतत्वतर्फ पूर्ण रूपले अनुबन्धित रहनगई दैहिकभावमा प्रवेश भएको संकेत गर्दछ । यस भावमा प्रवेश भएको जीवले परमात्मालाई भुल्छ । जडतत्वप्रति मोह बढाउँछ, उपकरणको रूपमा रहेको देहलाई आफैं ठान्दछ । भौतिक तथा अनित्य पदार्थको खोजी, सम्बर्द्धन र संरक्षण नै आफ्नो जीवनको प्रमुख क्रिया हो भन्ने ठान्दछ । यी र यस्तै ठम्याइले उसलाई तम तथा रजोगुणको सीमाभित्र जकडाई दिएको हुन्छ । यस्तै विचार र यस्तै गुणको प्रभावले उसलाई अनेकौं दुःख, कष्ट चिन्ताको भुमरीमा पुऱ्याउँदछ ।

स्वयं परमात्माबाट सृजित चेतनशील जीव किन कसरी परमात्मभावबाट टाढा पुगी जडतत्वप्रति मोहित हुन पुग्छ ? यो पनि बुझ्नु परेको छ । यस्तो हुनुमा चेतनतत्वकै प्रमुख भूमिका छ भन्ने ठानिएको छ । हामीले माथि नै भनिसकेका छौं चेतनतत्वको पनि दुई पाटा हुन्छन् । एउटा पाटा हो ज्ञान र अर्को पाटा हो अज्ञान । ज्ञानको पाटाले चेतनतत्वलाई प्रभावित पारेको छ भने जीव सरलतासाथ परमात्मभावमा प्रवेश गरेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राज्ञिकभावलाई अवलम्बन गर्न सक्ने स्थितिमा पुग्दछ । तर अज्ञानले यस चेतनतत्वलाई आच्छादन गऱ्यो भने पूर्णरूपले परमात्मभावलाई भूलेर जडतत्वप्रति नै आकर्षित रहने स्थितिको निर्माण हुन्छ । यसरी चेतनतत्व दोस्रो पाटा अज्ञानकै कारण जीव परधर्ममा प्रवेश हुन गएको हो भन्ने हामी ठान्दछौं ।

दैहिकभावमा जकडिएर परमात्मभावलाई अपमूल्यन गर्दा गर्दै पनि जीवले जब अनेकौं कष्ट दुःख र नैराश्यता अनुभव गर्दछ, अनि यदाकदा भगवानको स्मरण गर्ने र आफ्नो भोगाईमा आएको भयावह या भनौं कष्टमय स्थितिबाट मुक्ति पाउन फेरि परमात्माकै पुकार गरेका पनि हामीले सुन्दै आएका छौं । यस्तो अवस्थामा परमात्माको स्मरण र दुःख निवारणको लागि गरिने आग्रहलाई हामी स्वाभाविक नै ठान्दछौं । किनभने जीव परमात्माबाटै सृजित भएको हो । परमात्माकै अनुकम्पा र क्रियाको अविरल प्रवाह जीवमा आइरहेकै हुन्छ । त्यो तथ्य पनि हामीले माथि उल्लेख गरिसकेका छौं । तर आश्चर्य त यस कुरामा छ यस्तो स्थितिमा आइसकेपछि पनि जीवले जडतर्फको आफ्नो मोह ममतालाई त्यागेर पूर्णरूपले आत्मिकभावमा जानुपर्छ भन्ने चेतना भने उसमा विकास हुन सकेको देखिँदैन । ऊ जडतत्वप्रति अझै पनि पूर्ण आवद्ध रहिरहने, अज्ञानको मुहान तोड्न नसक्ने स्थितिमै रहिरहन्छ । अवश्य पनि दुःख पीडाको अवस्थामा ऊ परमात्माको स्तुति गर्दछ, पूजापाठ गर्दछ, मन्दिरको प्रदक्षिणा गर्दछ यस्ता अनेकौं धार्मिक क्रिया त गर्दछ तर यी सबै क्रियाको मूलमा भने जडतत्वमा पूर्ण रूपले समाहित त भैरहने तर जडतत्वबाट प्राप्त भयावह स्थितिबाट भने निवृत्ति पाउने इच्छा नै निहित नरहेको देखिन्छ । गुलियो खान तीतो त्याग्नै पर्छ । तीतोबाट गुलियोको स्वाद प्राप्त गर्न खोजिन्छ भने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसलाई के भन्ने ? आज संसारमा जति पनि दुःखी प्राणीहरू देखिन्छन् सबैको दुःखको कारण नै यही हो । यस्ता दुःखलाई निमेष भरमा नै समाप्त गरी अपार आनन्द र सुखको सोपानमा आरुढ हुन सकिन्थ्यो यदि हामीले ज्ञानको पाटालाई चेतनातर्फ मोडेर आफूलाई परमात्मभावमा प्रवेश गर्ने पौरुषतापूर्ण प्रयाश अविलम्ब प्रारम्भ गर्यौं भने ।

अन्त्यमा हामीले बुझ्नुपर्छ, परमात्माबाटै सृजित उनैबाट चेतनतत्व प्राप्त गरेको र प्रेमभावबाट अलंकृत जीव किन र कसरी जडतत्वप्रति नै आकर्षित हुन पुग्यो ? यस्ता गुह्य तथा संवेदनशील ज्ञान हामीबाट भएको चिन्तन मनन तथा निदिध्यासनबाट नै सहृदय उद्घाटन तथा बोध हुनसक्ने र हामीलाई पथभ्रष्ट हुनबाट रोकिन सक्ने शक्ति र पौरुषता प्राप्त हुन सक्ने भएकोले एकपल्ट पुनः त्यसतर्फ गम्भीर दृष्टि दिनु आवश्यक छ ।

शुरूमा हामीले बुझ्नु पर्छ, साकार तत्वको रूपमा रहेको देहतत्व र निराकार निर्गुण आत्मिकतत्वको बीचमा रहेको जीव परमात्मा झैं निराकार छ तापनि निर्गुण भने छैन । जीव सगुण तत्व भएकोले उसमा अनेकौं संकल्प-विकल्प उठिरहने हुन्छ र यस संकल्प-विकल्पले नै उसलाई क्रिया गर्न उत्प्रेरित पनि गरिरहेको हुन्छ । कर्मको योजनाकार तथा क्रियाको परिचालक समेत रहेकोले सम्पूर्ण क्रियाको उद्बोधन केन्द्र पनि यही नै हो भनेर बुझ्नुपर्छ । जीवले कस्तो मनस्थिति लिएर कुन भावबाट क्रिया कर्मको परिचालन गर्दछ ? त्यसैबाट क्रियाको गुणको विभाजन पनि हुन जाने हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीव एउटा तटस्थ सृजना पनि हो । ऊ दैहिकभाव अँगालेर दैहिक जीवको रूपमा पनि क्रियाशील रहनसक्छ या आत्मिक भाव अंगालेर जीवात्माको रूपमा पनि प्रस्तुत हुन सक्छ । कुन भावमा रहने भन्ने कुरा उसमा रहेको ज्ञान वा अज्ञानमा निर्भर गर्दछ । तर जुन सरलता र सुगमतासाथ स्वयं जीवले आफूमा नै दैहिकभाव आरोपण गर्न सक्छ, त्यही सरलतासाथ आत्मिकभावप्रति आफूलाई आरोपण गर्न सक्दैन । यस्तो कुराको मूलकारण आत्मिकतत्व निराकार, निर्गुण रहेकोले जीवतत्वले यसतर्फ निर्भरता महसुस गर्नै नपर्ने भएकोले हो । यसरी आफ्नो सृजक आत्मिक तत्वतर्फको यस्तो स्थिति आउनुको मूल कारण देहसित सरलतासाथ हुनसक्ने गम्भीर संसर्ग र त्यस संसर्गबाट सृजित नकारात्मक संस्कारको कारण हो । ज्ञान आच्छादित रूपमा रहन जाँदा आएको अशुद्धताले गर्दा नै परमात्मभावलाई बिर्साउन खोजेको मात्र हो भन्ने हामीले बुझ्नुपर्छ । जीव नै क्रिया कर्ममा आवद्ध हुनुपर्ने भएकोले र काम गर्दा उपकरणको रूपमा देहतत्वलाई नै उपयोग गर्नुपर्ने भएकोले जीवमा लोकार्थ भावले हेर्ने, चिन्तन गर्ने, क्रियाको परिचालन गर्नुपर्ने भएकोले दैहिकभावले नै उसको चिन्तन-मननमा दरिलो प्रभावपर्न जाने हुन्छ र ऊ क्रमशः त्यही भावको सीमामा जकडिन जाने हुन्छ । दैहिकभावमा जकडिनु भन्नु नै भौतिक जगतको प्रभावमा पूर्णरूपले बन्धित हुनु हो । अन्ततः यस भावमा रहँदा जीव नश्वर जगतप्रति आकृष्ट रहनेमात्र होइन । उसको चिन्तन मननमा समेत तम र रजोगुणले दरिलो प्रश्रय पाउँदछ । जीवको लौकिक जीवन दुःख कष्ट र आसक्तिको भूमरीमा पर्दछ । अज्ञानतावश दैहिकभावमा प्रवेश भएपछि अनायास नै यस्तो दुःख र कष्ट आइपर्दछन् । यस्तो स्थितिबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सदाको लागि मुक्ति पाउन जीवलाई आत्मिकभावमा नै प्रवेश गर्नुपर्छ ।

जीवलाई आत्मिकभावमा सुदृढताकासाथ संलग्न हुन कुनै कठिनाई हुनु नपर्ने स्थिति विद्यमान नरहेको होइन । जीव स्वयं परमात्मा झैं निराकार त छदैछ साथै अजर-अमर रहनुको साथै चेतनतत्व र प्रेमभावबाट पनि अलंकृत रहेको कुरा त माथि उल्लेख भैसक्यो । अब जीवले केही पौरुषता प्रदर्शन गरेर पर मात्मभावमा नैं आफूलाई आश्रित चेतनालाई प्रज्ज्वलित पार्न प्रयत्न गऱ्यो भने सहजै प्राज्ञिक ज्ञानको केन्द्रविन्दु (स्वयं परमात्मा) मा आफू जीवलाई स्थापित गराइएको परिचय दिन सक्दछ । यही क्रिया नै धर्मको सोपानको हो भन्ने हामीले बुझ्नुपर्छ । धर्मको पहिलो पादमा प्रवेशहुन माथि उल्लेखित विविध तगाराहरूले कठिनाईसम्म पार्न सक्ने हुन् । ती तगाराहरूलाई पन्छाउँदै दृढ-संकल्प सहित पहिलो पादमा प्रवेश भएर निष्ठासाथ आफ्नो कर्मलाई परिचालन गर्दै रहेमा धर्मको दोस्रो तथा तेस्रो पाद सहजरूपले गतिशील रहनसकी हामी अखण्ड शान्तिको स्थितिमा प्रवेश भई परमानन्दको अनुभव गर्दै परमात्मभावमा त्यसरी नै विलीन हुन सक्छौं जसरी कुनै चट्टानमा ठोकिएर उछिट्टिएको पानीको थोपा पुनः सागरमा नै समाहित भएर सागरसित एकाकार हुन पुग्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस कृतिको सम्बन्धमा .....

श्रद्धेय डा. मोहनदेव भट्टराईज्यूबाट अनुभवजन्य र शास्त्रीय सङ्केत दुवै कुराको मन्थनद्वारा उपार्जित मधुतुल्य "स्वधर्म-परधर्म" नामको कृति सरसर्ती हेर्ने मौका पाएँ। ..... लेखकका गहिरा र गहकिला तर्क चिन्तन भावना र वास्तविकता एवं केही शास्त्रीय दर्शनका छिटाहरुले समेत शोभा पाएको अनुभव भएको छ। ..... अत्यन्तै जीवनपयोगी भएकाले पाठकहरुले अवश्य यो सुकृतिलाइ अध्ययन गरेर श्रद्धेय लेखकज्यूको परिश्रम सार्थक पारिदिनु हुनेछ .....

– जगद्गुरु श्रीबालसन्त मोहनशरणदेवाचार्य

..... लेखकको दृष्टिमा आत्मा वा ईश्वरलाई साक्षी राखेर अर्थात् आत्मा वा ईश्वरलाई नबिर्सेर सर्वहित र सर्वकल्याणको मार्ग अनुशरण गर्नु नै स्वधर्म हो। यसका लागि उनी कतै वेदान्त दर्शनमा गोता लगाउन पुगेका छन् कतै सांख्यदर्शनको सहयोग लिन पुगेका देखिन्छन्। ..... उनले स्व अध्ययनले दर्शनशास्त्रको विशेष गरी मिमांशा दर्शन र वेदान्त दर्शनको (पूर्व मिमांशा र उत्तर मिमांश दर्शन) शिखर चुमेकाले नै स्वधर्मको निचोड निकाल्न सफल भएका देखिन्छन्। .....

– कमल रिजाल

..... धर्मको प्रचलित व्याख्याबाट उहाँ सन्तुष्ट हुनुहुन्न, उहाँ धर्मका विविध पक्ष र सिद्धान्तलाई मथेर विचारोत्तेजक नवीन मीठा रहस्यपूर्ण व्याख्याहरु दिनुहुन्छ, जुन पहिले त पत्याउन पनि कठिन हुन्छ तर जब उहाँको प्रस्तुतिलाई मनन गर्दैजाँदा आफूलाई नयाँ विषयको जानकारी भएको पाठकले अनुभव गर्छ। ..... उहाँका आफ्नै मौलिक व्याख्या हुन्छन्। उहाँका विचारहरुले सुषुप्त मस्तिष्कलाई झकझकयाएर सचेत बनाउँछन्।

– राजुदेव भट्टराई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

9789937247573